खण्ड

१

# परिचय

# १.१ पृष्ठभूमि

किशोरावस्थाको समयावधि मानव विकासका दृष्टिले निकै महत्वपूर्ण अवस्था हो। किशोरवस्थालाई सङ्क्रमणकालीन अवधिका रूपमा पनि लिइन्छ र यही अवधिमा मानिस बाल्यावस्थाबाट वयस्कतातर्फ पदार्पण गर्दछ। यस अवस्थामा हरेक व्यक्तिको शारीरिक, मानसिक, भावनात्मक/संवेदनात्मक, बौद्धिक र सामाजिक सोचका पक्षमा महत्वपूर्ण परिवर्तन भइरहेको हुन्छ। साथै यही अवधिमा विविध किसिमका शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक र पेसागत धारणाको चिन्तन-मनन् गर्ने क्रम सुरु हुन्छ। किशोरावस्थामा हासिल गर्ने अनुभव, ज्ञान र सीप उनीहरूको आउँदो जीवन-यात्राका निम्ति आधार तयार भइरहेको हुन्छ।

नेपालमा किशोरकिशोरी[क] (१०-१९ वर्ष) को जनसंख्या २०६८ सालको जनगणना अनुसार करिब ६४ लाख रहेको छ। यो कुल जनसंख्या २,६४,९४,५०४ को करिब एकचौथाइ (२४.१९%) हो।[१] जनसंख्याको यति ठूलो हिस्सालाई राष्ट्रिय तथा क्षेत्रीय योजना, नीति र कार्यक्रम तर्जुमामा अझ बढी सहभागी बनाई किशोरकिशोरीले सामना गरिरहेका चुनौती र स्थितिको सम्बोधन गर्न जरुरी देखिएको छ।

सबै किशोरकिशोरी एकै प्रकृतिका समूह होइनन्। कुनै पनि किशोरकिशोरीका आवश्यकता उनीहरूको उमेर, लिङ्ग, धर्म, संस्कृति, जातजाति, शारीरिक तथा मानसिक अवस्था, विकासको चरण, जीवनको परिस्थिति र सामाजिक-आर्थिक अवस्थाका आधारमा भिन्नाभिन्नै हुन्छन्। पछिल्लो किशोरावस्था (१५-१९ वर्ष) का आवश्यकता, समस्या र चुनौती प्रारम्भिक चरणको किशोरावस्था (१०-१४ वर्ष) भन्दा फरक हुन्छन्। ग्रामीण र शहरी क्षेत्रका किशोरकिशोरीबीचका अनुभव अपेक्षा र भोगाइ पनि फरक हुन्छ। किशोरीहरूका अवस्था/परिस्थिति किशोरहरूसँग पनि मिल्दैनन्। तराईमा बसोबास गर्ने १२ वर्ष उमेर समूहका गरिब, मुस्लिम, दलित, आदिवासी थारू र मधेसी किशोरीकिशोरीहरूको जीवन र सन्दर्भ काठमाडौंमा बस्ने १२ वर्ष उमेरका सम्पन्न परिवार वा उच्च वर्गका भन्ने गरिएका समूहका किशोरकिशोरीभन्दा फरक हुन्छ।

यस्ता सबै पक्षको अध्ययन-विश्लेषण गरेर अहिले नेपाल सरकारले किशोरावस्थालाई विशिष्ट उमेर समूहका रूपमा पहिचान गरेको छ। यस्ता समूहका किशोरकिशोरीको विशिष्ट अवस्था र उनीहरूको विकास आवश्यकताहरूलाई सम्बोधन गर्नेतर्फ नेपाल सरकार अग्रसर रहिआएको छ। यसै क्रममा किशोरकिशोरीको समग्र विकाससम्बन्धी राष्ट्रिय कार्ययोजना विकासका सहकर्मीहरूसँगको सहकार्यमा तयार गरिएको छ।

---

[क] विश्व स्वास्थ्य संगठनले १०-१९ बर्ष उमेर समूहका जनसंख्यालाई किशोरकिशोरी भनी परिभाषित गरेको छ। यस कार्ययोजनामा यसैलाई आधार मानिएको छ।

# १.२ नेपालमा किशोरकिशोरीको स्थिति

समग्रमा स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधार, आर्थिक विकासजस्ता क्षेत्रहरूमा भएको बढ्दो लगानीको परिणाम स्वरूप किशोरकिशोरीलगायतका जनसंख्या समूहको सामाजिक, आर्थिक र जनसांख्यिक सूचकहरूमा सकारात्मक परिवर्तन भएको देखिएको छ । गरिबीको रेखामुनि रहेका जनसंख्या आ.व. २०५६/५७ मा ३०.८ प्रतिशत रहेकोमा आ.व. २०६९/७० मा २३.८ मा झरेको छ। यसैगरी, उक्त समयावधिमा १५-२४ वर्ष उमेर समूहका युवाको साक्षरता दर ७९.४ बाट ८८.६ मा पुगेको छ। सोही अवधिमा विद्यालयस्तरको शिक्षामा छात्र र छात्राको अनुपात प्राथमिकस्तरमा ०.९० बाट १.०२ र माध्यमिक स्तरमा ०.८४ बाट ०.९९ तथा उच्च शिक्षामा ०.५० बाट ०.७१ मा पुगेको छ (स्रोत : तेह्रौं योजनाको आधार-पत्र, २०७०) । तथापि, समसामयिक विषयहरूमा बालविवाह, यौन शोषण तथा यौन दुर्व्यवहार र उत्पीडन, बेचबिखन (आन्तरिक र बाह्य दुवै), लैङ्गिक विभेद, बालश्रम, बँधुवा मजदुरी, जबर्जस्ती श्रम, हिंसा, धम्की, दबाब, कम उमेरमा गर्भवती हुनुजस्ता समस्याहरू विद्यमान छन्। यसैगरी मनोसामाजिक समस्यादेखि लागूऔषध तथा नशालु पदार्थको प्रयोग, ओसारपसार, जोखिमपूर्ण कार्यमा प्रयोग, कम ज्यालामा श्रम र सीमित रोजगारका अवसर आदि अवस्थामा समेत किशोरकिशोरी रहेका छन् । किशोरकिशोरीसँग सम्बन्धित बहुक्षेत्रगत स्थितिलगायत उनीहरूले सामना गरिरहेका चुनौतीलाई देहायअनुसार ६ वटा क्षेत्रमा प्रस्तुत गरिएका छन् ।

## १.२.१ स्वास्थ्य[ख] र स्वास्थ्य सेवा

विगतका योजनाका प्रयासहरूबाट नेपालमा स्वास्थ्य सेवाहरू क्रमशः बिस्तार भइरहेका छन् । यसबाट स्वास्थ्य सेवामा नागरिकको पहुँचमा वृद्धि भई नवजात शिशु, बाल र मातृ मृत्युदरमा कमी आएको र औसत आयुलगायतका सूचकहरूमा सुधार आएको छ। उप-स्वास्थ्य चौकी र स्वास्थ्य चौकीबाट उपलब्ध सबै स्वास्थ्य सेवाहरू र लक्षित समूहलाई जिल्ला अस्पतालबाट समेत आधारभूत स्वास्थ्य सेवा निःशुल्क गरिएको छ । गरीब जनताका लागि अन्य अस्पतालबाट प्रदान गरिने सेवामा पनि विशेष छुटको व्यवस्था गरिएको छ। देशका ७५ जिल्लामा विस्तृत रूपमा सुरक्षित गर्भपतन सेवा उपलब्ध गराइएको छ भने किशोरकिशोरी स्वास्थ्य सुधारका प्रयासहरू पनि अगाडि बढाइएका छन् ।

समष्टिगत रूपमा स्वास्थ्य क्षेत्रमा प्रगति देखिए पनि दुर्गम जिल्लाहरू, गरिबीको रेखामुनि रहेका ग्रामीण एवं सहरी क्षेत्रका र पिछडिएका वर्गको स्वास्थ्य स्थितिमा अपेक्षाकृत रूपमा सुधार आउन सकेको छैन । मुख्यतः किशोरी अवस्थामा गर्भवती हुने, असुरक्षित गर्भपतन, यौनजन्य संक्रमित रोग, एचआईभी र एड्सजस्ता स्वास्थ्य समस्याहरू छन्। राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २०११ ले १५-१९ वर्ष उमेरका १७ प्रतिशत किशोरीले बच्चा जन्माइसकेका वा पहिलोपटक गर्भवती भइसकेका देखाएको छ। कम उमेरमै बच्चा जन्माउँदा किशोरीको शैक्षिक र रोजगारका अवसरबाट वञ्चित हुनुका साथै प्रसूतिका कारणबाट हुने मृत्युसम्मको जोखिम बढ्छ। यौनिक र प्रजनन् स्वास्थ्य समस्याबाहेक किशोरकिशोरीको ठूलो संख्या मनोवैज्ञानिक स्वास्थ्य समस्याका कारण निराशा भएको

[ख] विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार "स्वास्थ्य भन्नाले केवल रोग नलाग्नु वा स्वास्थ्य खराब हुनु होइन, यो पूर्ण शारीरिक, मानसिक र सामाजिक भलाइको अवस्था हो ।"

पाइन्छ । एक सर्भेक्षणअनुसार २८ प्रतिशत प्रारम्भिक चरण समूहका किशोरकिशोरी (१०-१४ वर्ष) र ४६ प्रतिशत पछिल्लो चरण समूहका किशोरकिशोरी (१५-१९ वर्ष) मा चरम निराशा अनुभव गरिरहेका छन् ।[२] यही कारण आत्महत्या वा आत्महत्याको प्रयास गरेको पाइएको छ । कतिपयले यस्तो निराशाबाट मुक्ति पाउन गाँजा, अफिम, कोकिनजस्ता लागूऔषध तथा मद्यपान र सूर्तीजन्य पदार्थ सेवन गर्न थाल्छन् । यसमा देशभित्र कम्तीमा पनि कडा लागूपदार्थ प्रयोगकर्ताहरू ४६,००० जना छन्, जसमध्ये १५-१९ वर्षबीचका किशोरकिशोरीको संख्या २२ प्रतिशत छ ।[३] किशोरकिशोरीका यस्ता जोखिमपूर्ण समस्यालाई स्वास्थ्य सेवाबाट पनि सम्बोधन गर्न जरुरी छ ।

## १.२.२ सक्षम र संरक्षित वातावरण

किशोरकिशोरीका लागि उपयुक्त वातावरण सिर्जना गर्न नेपाल सरकार नीतिगत, योजना र संस्थागत संरचनामा सुधार गर्न प्रयासरत छ ।[ग] बालअधिकार संरक्षण गर्न र उनीहरूको विकासलाई सुनिश्चित गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति गठन गरी देशका ७५ जिल्लामा बाल अधिकार अधिकृतहरूको व्यवस्था गरिएको छ । चालू तेह्रौं योजनाले बालबालिकाको समग्र अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्ने, किशोरकिशोरी उपर हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारहरूलाई उन्मूलन गर्ने, बेचबिखनमा परेका बालबालिका तथा किशोरकिशोरीका लागि राहत, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन र कानूनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरू लागू गर्नेजस्ता नीतिहरू अङ्गिकार गरेको छ ।

प्रचलित कानूनमा विवाहको उमेर १८ वर्ष वा त्योभन्दा माथि रहे पनि १०-१४ वर्ष उमेर समूहका १०.२१ प्रतिशत र १५-१९ वर्षको उमेर समूहका ४८.८६ प्रतिशत किशोरकिशोरी विवाहित पाइन्छ ।[४] कतिपय किशोरकिशोरी बालविवाह, व्यावसायिक यौनशोषण, बेचबिखन, हिंसा, बालश्रम, जबर्जस्ती श्रम र दुर्घटनाको परिस्थितिमा बाँच्न बाध्य छन् । उनीहरू कानूनतः रोक लगाइएका जोखिमपूर्ण र यौनजन्य कार्यहरूमा समेत संलग्न हुनुपर्ने बाध्यात्मक परिस्थितिमा छन् । यौनकार्यका निम्ति बेचबिखनमा पर्नेदेखि श्रममा जबर्जस्ती राखिएको पनि पाइन्छ । एक अनुसन्धानले करिब १२,००० महिला तथा बालबालिका प्रत्येक वर्ष बेचबिखनमा पर्ने गरेको देखाएको छ ।[५] बालविवाहका कारण किशोरी घरेलु हिंसाको उच्च जोखिम व्यहोर्न बाध्य हुने गरेका छन् । अर्कोतर्फ, बालश्रमको स्थिति पनि उत्तिकै भयावह छ । ५-१७ वर्ष उमेरबीचका करिब ३१ लाख ४० हजार बालबालिका (कुल जनसंख्याको ४०.४%) श्रममा आबद्ध छन् । तीमध्ये करिब ५१ प्रतिशत बालबालिका रहेका छन् ।[६] कतिपय किशोरकिशोरी, सडक बालबालिका र अन्य श्रमिक बालबालिका मानसिक, शारीरिक, यौन, भावनात्मकजस्ता दुर्व्यवहारको समस्यामा परेका छन् । शारीरिक हिंसा १५-१९ वर्ष उमेर समूहका किशोरीकिशोरीमा १२.२६ प्रतिशत र १०-१४ वर्ष उमेर समूहका किशोरकिशोरीमा ४१.०४ प्रतिशत पाइएको देखिन्छ ।[७] अभिभावक तथा शिक्षकहरूले अनुशासनको नाममा दिइने शारीरिक सजाय व्यापक रूपमा छ । किशोरकिशोरीको विकासका निम्ति उपयुक्त वातावरण सुनिश्चित गर्न अझै निकै प्रयास गर्नुपर्ने आवश्यकता महसुस भएको छ र परिवार, विद्यालय र समुदाय सबैबाट उपयुक्त वातावरणको सिर्जना र संरक्षणमा सक्दो प्रयास गर्नु जरुरी छ ।

[ग] नीतिगत वातावरण र संस्थागत व्यवस्थाहरूलाई क्रमशः खण्ड १.३ र १.४ मा प्रस्तुत गरिएको छ ।

## १.२.३ शिक्षा र सीप

देशबाट निरक्षरता उन्मूलन गर्दै गुणस्तरयुक्त शिक्षामा पहुँच सुनिश्चित गरी आधुनिक ज्ञान, विज्ञान, सीप, कला, एवं प्रविधिमा दीक्षित, प्रतिस्पर्धी जनशक्ति विकास गर्ने सोचबाट शिक्षा क्षेत्रमा लगानी बिस्तार हुँदै आएको छ। सबैका लागि शिक्षा र सहश्राब्दी विकास लक्ष्यहरू हासिल गर्न विशेषतः प्राथमिक शिक्षामा जोड दिँदै सबै तह र विधाका शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्ने प्रयोजनका लागि नीतिगत, कानूनी र संस्थागत सुधारका प्रयासहरू अघि बढेका छन्। निजी क्षेत्र, गैरसरकारी क्षेत्र तथा स्थानीय निकाय एवं समुदायलाई समेत सहभागी र उत्तरदायी बनाई समग्र शैक्षिक प्रणाली, प्रक्रिया र कार्यलाई सुशासनका सिद्धान्तअनुरूप सञ्चालन गर्ने र सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरीय प्रभावकारी र जवाफदेही बनाउने प्रयास जारी छ। यसबाट विद्यालयस्तरमा विद्यार्थीको भर्नादर बढ्दै गएको छ। कक्षा (६-८) मा खुद भर्ना दर ७०, माध्यमिक तह (कक्षा ९–१०) मा ५२.१ र कक्षा ९-१२ मा ३१ प्रतिशत पुगेको छ (स्रोतः तेह्रौं योजनाको आधार-पत्र, २०७०)। यसैगरी, साक्षरता दर १५-२४ वर्ष उमेर समूहमा ८८.६ प्रतिशत पुगेको छ। यी दरहरूमा सहर र ग्रामीण क्षेत्र र विविध जातजातिहरूमा भिन्नता रहेको पाइन्छ। विभिन्न प्राविधिक र व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालनमा रहेका छन् र कतिपय प्रशिक्षार्थीहरूले यसैको आधारमा स्वदेशमा रोजगार र स्वरोजगारका साथै वैदेशिक रोजगारमा समेत अवसर पाएका छन्।

कतिपय सीमान्तकृत, गरिब, अपाङ्गता भएकाहरू, एचआईभीबाट प्रभावित, अभिभावकविहीन र परित्यक्त बालबालिका अझै पनि शिक्षाको अवसरबाट वञ्चित भइरहेका छन्। विद्यालय शिक्षाले व्यावसायिक, प्राविधिक तथा नैतिक शिक्षा अपेक्षित रूपमा उपलब्ध गराउन सकेको छैन। सबै तहका शिक्षामा विद्यालय छाड्ने र दोहोर्‍याउनेको संख्या उल्लेख्य छ। निरन्तरता पाएकाहरूको पनि उपलब्धि सन्तोषजनक छैन। साक्षरतालाई सीप विकाससँग आबद्ध गर्ने, शिक्षकहरूलाई नतिजाप्रति जिम्मेवार बनाउने, सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्ने, संस्थागत विद्यालयहरूको नियमनका लागि आधारहरू तयार गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको गुणस्तर अभिवृद्धि गर्दै अवसरहरू बिस्तार गर्ने, उच्च शिक्षामा नीतिगत, व्यवस्थापकीय सुधार तथा गुणस्तरमा सुधार गर्ने र शैक्षिक तथ्याङ्कलाई व्यवस्थित र विश्वसनीय बनाउने कार्यमा अपेक्षाकृत सफलता हासिल गर्न सकिएको छैन। शिक्षक र कर्मचारीले पनि किशोरकिशोरीप्रति सधैं संवेदनशील व्यवहार प्रदर्शन गरिरहेका छैनन्। यसैगरी विद्यालयहरूमा मनोसामाजिक परामर्श सेवाहरूको कमी रहेको छ। यसलाई सम्बोधन गर्नु जरुरी छ।

## १.२.४ जीविकोपार्जन, रोजगार र वित्तीय साक्षरता

प्रायगरी १५-१९ वर्षको उमेर समूहका किशोरकिशोरी आर्थिक रूपमा सर्वाधिक सक्रिय समूह हुन्। खासगरी १०-१४ वर्षका बालबालिका/किशोरकिशोरीलाई रोजगार वा ज्यालादारी श्रममा लगाउने कार्यलाई बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले निषेध गरेको छ। किशोरकिशोरीका लागि शिक्षाको अवसर र जीवन उपयोगी सीप प्रदान गर्न सरकार प्रयासरत रहेको छ। चालू तेह्रौं योजनाले किशोरकिशोरीका लागि शिक्षाको र जीवन उपयोगी सीप प्रदान गर्न गैरसरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने तथा सामाजिक, आर्थिक उद्यमशीलताको विकासका लागि किशोरकिशोरी तथा युवाको क्षमता अभिवृद्धि गर्ने नीति लिएको छ।

तथापि, आफ्नो जीविकोपार्जन तथा परिवारको आर्थिक सहयोगका लागि १०-१४ वर्षका किशोरकिशोरी पनि अनौपचारिक क्षेत्रमा काम गरिरहेको पाइन्छ। यो उमेर समूहका बालबालिका वा किशोरकिशोरीलाई श्रममा लगाउन नपाइने कानूनी व्यवस्था छ । खासगरी किशोरकिशोरीका निम्ति कृषि क्षेत्र नै मुख्य रोजगार क्षेत्र देखिएको छ । १५-१९ वर्ष उमेरका करिब ८३ प्रतिशत किशोरी र ४९ प्रतिशत किशोर कृषि क्षेत्रमा संलग्न रहेको पाइन्छ ।[८]

मुलुकमा रोजगारीका अवसरको कमीले गर्दा कतिपय किशोरकिशोरी कामका लागि विदेश गएको पनि पाइन्छ । किशोरकिशोरीको रोजगारसम्बन्धी यकिन तथ्याङ्क उपलब्ध हुन सकेको छैन । किशोरकिशोरीलाई वित्तीय साक्षरता, रोजगारका अवसर र जीविकोपार्जनका विकल्पहरूका सम्बन्धमा पर्याप्त लगानी हुन सकेको छैन । किशोरकिशोरीलाई लक्षित गरेर लघुवित्त कार्यक्रम, बचत तथा ऋण सहकारी र गरिबी निवारणजस्ता कार्यक्रमहरू सञ्चालन हुन सकेका छैनन् ।

## १.२.५ सहभागिता र नागरिक संलग्नता

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले सरकारी, गैरसरकारी र सामुदायिक संस्थाहरूमा बालबालिकाको क्षमताअनुरूपको सहभागितालाई बढावा दिएको छ । सम्बन्धित विषयमा बालबालिकाको आवाजलाई योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन प्रक्रियामा समावेश गर्ने क्रम बढ्दो छ । बालमैत्री स्थानीय शासन, राष्ट्रिय रणनीति र सञ्चालन निर्देशिका, २०६८ ले बालबालिकाको सहभागितालाई महत्वका साथ संरचनागत व्यवस्था गरेको छ । विषयगत नीतिहरूमा बालबालिका र किशोरकिशोरीसम्बन्धी कार्यहरूमा उनीहरूको सहभागितालाई प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ । तर पनि किशोरकिशोरीको अर्थपूर्ण सहभागितालाई कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने विषयमा उक्त निर्देशिकाको कार्यान्वयन प्रभावकारी हुन निकै प्रयास गर्नुपर्ने देखिन्छ । बाल क्लब, युवा क्लब, सामुदायिक समूह, महिला समूह, बचत तथा ऋण समूह, युवा सङ्घ, स्वयंसेवी संस्थाहरू र राजनीतिक दललगायत धेरै किसिमका संस्थाहरूमा किशोरकिशोरीको सहभागिता व्यापक रहेको छ । यस्ता सहभागिताबाट हासिल हुने अनुभव र अवसरमा विद्यालय, घरपरिवार र विकास क्रियाकलापमा बालबालिकाको पहुँच निकै कम छ ।[९] सामान्यतः किशोरकिशोरीको उच्चतम् हित र रुचिबारे वयस्कहरू कम सचेत हुनाले पनि किशोरकिशोरी आवश्यक सहभागिताको अवसरबाट वञ्चित हुन्छन् । किशोरकिशोरीले परिवारदेखि हरेक तहको निर्णय प्रक्रियामा सहभागी हुने वातावरण निर्माण गर्नु वाञ्छनीय छ ।

## १.२.६ लैङ्गिक समता र सामाजिक समावेशीकरण

नेपालको अन्तरिम संविधान, २०६३ ले किशोरकिशोरी दुवैलाई समान अधिकारको प्रत्याभूति गरेको छ। नागरिकबीच लिङ्गका आधारमा भेदभाव गर्न नहुने, प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था गरेको भए पनि महिलामाथि विभिन्न प्रकारका विभेद कायमै छन् । बेइजिङ कार्ययोजनाले[१०] महिला र पुरुषबीच समान सम्बन्धलाई जोड दिएको छ । महिलालाई लैङ्गिक र प्रजनन् स्वास्थ्य, दबाब, विभेद र हिंसाबाट मुक्तिसमेतका विषयमा स्वतन्त्र र जिम्मेवारीपूर्वक निर्णय गर्ने र आफ्नो यौनिकतामाथिको नियन्त्रण गर्ने अधिकारलाई मान्यता दिएको छ ।

व्यवहारमा १०-१४ वर्ष उमेरका बालिकाहरूको घरायसी कामको बोझ मूलतः ग्रामीण क्षेत्रमा त्यही उमेर समूहका बालकको भन्दा दोब्बर छ[११]। बालिका आफ्नै दाजुभाइभन्दा बढी काम गर्छन्, सानो उमेरमा विवाह गर्छन् र बालिका छँदै आमा बन्दछन् । ठूलो भएको नाताले आफूभन्दा साना भाइबहिनीको पालनपोषण र हेरचाहमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने भएका कारण बालिकाहरूले बाल्यावस्था उपभोग नै गर्न पाएका हुँदैनन् । निर्णय प्रक्रियामा सहभागिता, आयस्रोत र घरायसी सम्पत्तिमाथिको नियन्त्रणसमेतमा लैङ्गिक विभेद छ। किशोर र किशोरीको आम्दानीमा पनि निकै भिन्नता हुने गर्दछ। समग्रमा किशोरीहरू सम्पत्ति, उत्तराधिकारी र निर्णय प्रक्रियाको सन्दर्भमा किशोरभन्दा पछाडि परेका छन् । अतः विद्यमान विभेदको अन्त्य गरी लैङ्गिक समानता स्थापित गर्नुपर्ने आवश्यकता रहेको छ ।

## १.३ नीतिगत प्रावधान

नेपालले किशोरकिशोरीसँग सम्बन्धित हुने बालबालिका, महिला, अपाङ्गता र मानव अधिकारसम्बन्धी धेरैवटा अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि तथा इच्छाधीन आलेखका घोषणालाई[१२] अनुमोदन गरिसकेको छ । ती घोषणाहरूमा किशोरकिशोरीको समेत आधारभूत अधिकारलाई सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षाका लागि विशेष व्यवस्था गर्ने नीति अङ्गिकार गरेको छ । यसमा शोषण भएको अवस्थामा कानूनी सहायता, असहाय, अभिभावकविहीन, सुस्तमनस्थिति, द्वन्द्व प्रभावित/पीडित, विस्थापित, सडकमा रहेका, सबै जोखिममा परेका बालबालिकाका लागि राज्यबाट सुविधा प्रदान गर्ने र सशस्त्र द्वन्द्वमा प्रयोगजस्ता जोखिमपूर्ण कार्यबाट कम उमेरका बालबालिकालाई सुरक्षित गर्नेजस्ता विषय समावेश छन् । यसले शारीरिक, मानसिक एवं सबै किसिमका दुर्व्यवहारहरूलाई पनि निषेध गरेको छ । यसैगरी आवधिक योजनालगायत शिक्षा, स्वास्थ्य, श्रम, बालअधिकार, महिला अधिकार, मानव अधिकार जस्ता विषयगत क्षेत्रहरूमा छुट्टाछुट्टै नीति तथा कार्ययोजनाहरू पनि कार्यान्वयनमा रहेका छन् । यसैगरी लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३ जारी भइसकेको छ । प्रचलित नेपाल कानूनहरूमा किशोरकिशोरीकाका सवालसम्बन्धी विभिन्न प्रावधानहरू समावेश गरिएको छ । १६ वर्षमुनि उमेरसम्मका बालबालिकाको संरक्षण, विकासका लागि नेपालले बालबालिकासम्बन्धी ऐन तथा विभिन्न कानूनी व्यवस्था गरेको छ ।

स्वास्थ्य सुधारसम्बन्धी नीतिहरू तथा कार्ययोजनाहरूको अलावा तेह्रौं योजनाले[१३] आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच बढाउने उद्देश्य लिएको छ भने सो उद्देश्य हासिल गर्नका लागि निःशुल्क आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार र गुणस्तरमा वृद्धि गर्ने, प्रतिरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापनामूलक सेवाहरूलाई प्राथमिक स्वास्थ्य सेवाको रूपमा सञ्चालन गर्ने, मानव संशाधन, भौतिक संरचना, स्वास्थ्य संस्थाको क्षमता विकास र औषधि-उपकरणलाई स्वास्थ्य संस्थाको स्तरअनुसार प्रभावकारी व्यवस्थापन गर्ने, स्वास्थ्य सेवा प्रवाह तथा उपयोग सम्बन्धमा सरकारी, निजी, सहकारी तथा विकासका साझेदार संस्थाहरूसँगको सहकार्य अभिवृद्धि गर्ने, प्रजनन् स्वास्थ्य क्षेत्रमा नयाँ कार्यक्रमहरू सञ्चालन गर्ने, स्वास्थ्यसम्बन्धी प्रवर्द्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरूलाई विद्यालयहरूमा समेत विस्तार गर्ने, स्वास्थ्यसम्बन्धी कार्यक्रममा लैङ्गिक हिंसा पीडित व्यक्तिहरूको समस्यालाई सम्बोधन गर्न उपयुक्त व्यवस्था गर्ने, मानव संशाधन, भौतिक संरचना, स्वास्थ्य संस्थाको क्षमता विकास र औषधि-उपकरणलाई स्वास्थ्य संस्थाको स्तरअनुसार प्रभावकारी व्यवस्थापन गर्ने, स्वास्थ्य सामाजिक सुरक्षा, स्वास्थ्य बिमा तथा सहरी स्वास्थ्यको प्रवर्द्धन तथा विस्तार गरी स्वास्थ्य सेवालाई समावेशी र समन्यायिक बनाइनेजस्ता नीतिहरू अवलम्बन गरिएका छन् ।

सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, सीपमूलक, रोजगारमुखी एवं समसामयिक बनाउने र शैक्षिक पद्धतिलाई समावेशी र समतामूलक बनाउँदै लैजाने उद्देश्य तेह्रौं योजनाले लिएको छ । यसका लागि निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र माध्यमिक तह (९-१२) को एकीकृत शिक्षा पद्धतिको प्रभावकारी कार्यान्वयन गर्ने, प्राविधिक र व्यावसायिक शिक्षाका क्षेत्रमा लगानी तथा अवसरमा विस्तार गर्ने, उच्च शिक्षामा नियमनका पूर्वाधार विकास र अवसरहरूको विविधीकरण गर्ने, साक्षरतालाई उत्पादकत्वसँग आबद्ध गरी अभियानको रूपमा सञ्चालन गर्ने, विपन्न, सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने, माध्यमिक शिक्षा (९-१२) मा समतामूलक पहुँच सुनिश्चित गर्न नक्साङ्कनको आधारमा विद्यालय विस्तार गरी क्रमशः निःशुल्क गर्दै जाने नीति लिइएको छ । विज्ञान शिक्षामा सबै वर्ग, समुदाय र क्षेत्रका विद्यार्थीहरूको पहुँचमा वृद्धि गर्ने, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरू विस्तार गर्ने, सबै तहको शिक्षामा महिला, आदिवासी/जनजाति, मधेसी, दलित, विशेष आवश्यकता भएका व्यक्तिलगायत लक्षित समुदायको पहुँच सुनिश्चित गर्न आरक्षण, छात्रवृत्ति लगायतका विकल्पहरूको विस्तार गर्ने, बालबालिका तथा किशोरकिशोरीलाई उनीहरूसँग सम्बन्धित सवालहरूमा शैक्षिक संस्थाहरूमा परामर्श दिने प्रणालीको थालनी गर्ने, किशोरकिशोरीका लागि जीवन उपयोगी सीप प्रदान गर्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्नेजस्ता नीति अवलम्बन गरिएका छन् ।

संघीय मामला तथा स्थानीय विकास मन्त्रालयले गाउँ विकास समितिहरूका लागि विनियोजित एकमुष्ट अनुदानमध्येबाट २० प्रतिशत रकम बालबालिका, महिला तथा विपन्न वर्गको सशक्तीकरणका लागि तर्जुमा गरिएका योजनाहरूमा खर्च गर्नुपर्ने प्रावधान राखेअनुरूप गाविसहरूले सोअनुरूप योजना तर्जुमा गर्ने कार्यको थालनी गरेका छन् । युवा साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका, २०६७ बमोजिम झन्डै १५० वटा गैरसरकारी संघसंस्थाहरूसँग मिलेर संयुक्त रूपमा युवा साझेदारी कार्यक्रम सञ्चालन गरिएको छ ।

विभिन्न विषयगत क्षेत्रका नीतिहरू, रणनीतिहरू र कार्ययोजनाहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा किशोर-किशोरीका सवाल तथा आवश्यकताहरू सम्बोधन गरेका छन् । चालू तेह्रौं योजनाको आधारपत्रमा सामाजिक विकास खण्डमा बालबालिका र किशोरकिशोरीको सम्बन्धमा विशेष नीतिगत व्यवस्था रहेको छ । यसले बालबालिका तथा किशोरकिशोरीसम्बन्धी सरोकार राख्ने मन्त्रालयहरूलाई मार्गदर्शन दिन्छ । यस योजनाले बालबालिका र युवाहरूका लागि विभिन्न कार्यक्रमको पहिचान गरेको छ । बालबालिकाका समग्र विकासका लागि उपयुक्त, सक्षम र बालमैत्री वातावरण सिर्जना गरेर बालबालिकाको मौलिक हक, अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । साथै सबैलाई अनिवार्य र निःशुल्क शिक्षा (कक्षा १-८) प्रदान गर्ने, माध्यमिक (कक्षा ९-१२) तथा उच्च शिक्षाको सुनिश्चितता गर्ने, सबै वर्ग, क्षेत्र र समुदायका किशोरकिशोरीलाई स्वास्थ्य सेवाको उपयोग, व्यवस्था र पहुँचमा वृद्धि गर्ने, विभिन्न किसिमका लैङ्गिक हिंसा र विभेद निराकरण गर्ने, सामाजिक सुरक्षा कार्यक्रमको विस्तार गर्ने जस्ता नीति अवलम्बन गरेको छ ।

माथि उल्लेख गरेबमोजिम विभिन्न नीतिगत व्यवस्था रहे पनि प्रमुख नीति तथा कानूनी दस्तावेजमा किशोरकिशोरीको उमेर र परिभाषामा स्पष्टता ल्याउन र आवश्यकता पहिचान गर्न अझै बाँकी रहेको छ । साथै राष्ट्रिय कानून र नीतिहरूबीच तालमेल मिलाउनुपर्ने देखिएको छ । यसैगरी अदालतवाट समय-समयमा दिइएका आदेश तथा फैसलाहरूअनुसार किशोरकिशोरी-मैत्री कानून निर्माण हुनु जरुरी छ ।

## १.४ संस्थागत संयन्त्रको प्रावधान

नेपाल सरकारले मानव अधिकारको प्रवर्द्धन र संरक्षणका निम्ति विभिन्न सेवा प्रदान गर्न तथा नागरिकको संरक्षण र विकासको अधिकारलाई सुनिश्चित गर्न विभिन्न संस्थाहरू स्थापना गरेको छ । किशोर-किशोरीसँग सम्बन्धित विषयका लागि आयोगहरू, सम्बद्ध मन्त्रालयहरू, समितिहरू र सेवा केन्द्रहरू क्रियाशील छन् ।[१४] बाल अधिकारसम्बन्धी महासन्धि, महिलाविरुद्धका सबै प्रकारका विभेदको उन्मूलनसम्बन्धी महासन्धिलगायतका किशोरकिशोरीसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा दस्तावेजहरूको कार्यान्वयनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले समन्वय गर्ने व्यवस्था छ । ७५ जिल्लामा रहेका महिला तथा बालबालिका कार्यालयले किशोरकिशोरी लक्षित कार्यक्रमहरूको कार्यान्वयनमा विभिन्न निकायसँग समन्वय गरिरहेका छन् । यसैगरी बालबालिकासम्बन्धी ऐन, २०४८ ले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयअन्तर्गत रहने गरी केन्द्रीय बाल कल्याण समिति र ७५ वटै जिल्लामा जिल्ला बाल कल्याण समितिको व्यवस्था गरेको छ । जिल्ला बाल कल्याण समितिहरूलाई किशोरकिशोरी एवम् बालबालिकासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने कार्यहरूमा संयुक्त राष्ट्रसङ्घका निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरूले सहयोग गर्दै आएका छन् ।

बालबालिका र महिलाका निम्ति जिम्मेवारी तोकिएका महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा, स्वास्थ्य तथा जनसंख्या जस्ता मन्त्रालयहरूले किशोरकिशोरी लक्षित सेवालाई मूल प्रवाहीकरण गर्न अझै निकै प्रयास गर्नुपर्ने महसुस भएको छ । सरकारी निकायहरूका साथै अन्तर्राष्ट्रिय/गैसस तथा नागरिक समाजबीच बालबालिका तथा किशोरकिशोरीसम्बन्धी योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्यलाई प्रभावकारी रूपमा समन्वय र सहकार्य गर्नुपर्ने स्थिति रहेको छ ।

## १.५ किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजनाको औचित्य

आर्थिक, सामाजिक, राजनीतिक र वातावरणीय विकासको माध्यमबाट देशलाई समृद्ध, आधुनिक र न्यायपूर्ण बनाउने सबै राष्ट्रको अथक प्रयास हुन्छ । यस क्रममा नेपाललगायत विश्वका प्रत्येक देशहरू सबै उमेर र समूहका नागरिकको हकअधिकारको संरक्षण र सम्वर्द्धन गरी मानव अधिकारको पूर्ण उपयोगबाट व्यक्ति र समुदायको साथै मुलुकको सर्वाङ्गीण विकास गर्ने कार्यमा लागिरहेका हुन्छन् । आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूको योजनाबद्ध विकासको प्रयासका साथसाथै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, मधेसी र सीमान्तकृत व्यक्तिहरूको अधिकारको संरक्षण र सम्वर्द्धन गरी देशको सर्वाङ्गीण विकासका लागि प्रयासरत रहेको छ । यी आयामहरू र सवालहरू सम्बोधन गर्न निर्माण गरिएका कानूनहरू, तर्जुमा गरिएका नीति, योजना र कार्ययोजनाहरू, कार्यान्वयनमा रहेका कार्यक्रमहरू र कार्यान्वयन निकायहरूबीच अपेक्षित परिणाम ल्याउन पर्याप्त रूपमा समन्वय र सहकार्य हुन नसकिरहेको स्थिति छ । साथै कानून, नीति, कार्ययोजना, कार्यक्रम र संस्थागत

व्यवस्थालाई एकीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न निकै प्रयास गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसर्थ, छरिएर रहेका कानूनी, नीतिगत, संस्थागत र कार्यगत व्यवस्थालाई एकीकृत गरी समय परिवर्तनसँगै आएका नवीनतम् सोच र उपागमहरू तथा विगतका अनुभवहरूलाई समायोजन गरी किशोरकिशोरीको जीवनमा सकारात्मक परिवर्तन ल्याउन र उनीहरूको शक्तिलाई सदुपयोग गर्दै आगामी एक दशकभित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रूपान्तरण गर्ने कार्यमा समेत योगदान पुगोस् भन्ने ध्येयले यो कार्ययोजना तयार गरिएको छ ।

किशोर किशोरी भए दक्ष,
बन्छ देशको भविष्य

खण्ड

२

# राष्ट्रिय कार्ययोजना

# २.१ कार्ययोजना तयारीको प्रक्रिया

राष्ट्रिय कार्ययोजना तयारीको क्रममा विद्यमान कानूनी, नीतिगत, संस्थागत र कार्यक्रमको व्यापक समीक्षा गरिनुका साथै किशोरकिशोरीको वास्तविक अवस्था र उनीहरूको समग्र विकासको महत्वलाई आत्मसात गरी ग्रामीणस्तरदेखि राष्ट्रियस्तरसम्मका किशोरकिशोरी र वयस्क सरोकारवालाहरूको बीचमा व्यापक परामर्श गरियो। यसबाहेक राष्ट्रिय नीतिहरू, कानूनहरू, योजनाहरू र कार्यक्रमहरूलगायत अन्तर्राष्ट्रिय महासन्धिहरू, दस्तावेजहरू, प्रतिवेदनहरूको अध्ययन गरिएको थियो। किशोरकिशोरीको समग्र विकासको राष्ट्रिय कार्ययोजना तयारी प्रक्रियामा राष्ट्रिय योजना आयोगको नेतृत्वमा सम्बन्धित मन्त्रालयहरूका प्रतिनिधित्वसहितको एउटा अन्तरमन्त्रालय कार्यदल गठन भएको थियो। यस प्रक्रियाको सहजीकरणमा विकास साझेदारहरू तथा नागरिक समाजको सकारात्मक पहल र सहयोग रह्यो। यसरी व्यापक रूपमा सरोकारवालाहरू सम्मिलित परामर्श बैठकहरू आयोजना गरी उनीहरूका सुझाव र प्रतिक्रिया संकलन गरियो।

कार्ययोजना तयारीका सिलसिलामा देशका विविध भौगोलिक, क्षेत्रीय र जातीय परिवेशहरूलाई समेटेर ३३ जिल्लाका ठूलो संख्याका वयस्कहरू र किशोरकिशोरीसँग अन्तरक्रिया गरियो। स्थानीय तहदेखि राष्ट्रिय तहसम्मको परामर्श प्रक्रियामा ३,६५० जनाभन्दा बढीको सहभागिता रहेकोमा ती मध्य २,१०० भन्दा बढी किशोरकिशोरी थिए। किशोरकिशोरीको विकासका निम्ति उनीहरूको दृष्टिकोण, आशा र आकांक्षालाई समेट्न सकारात्मक सोच अनुसन्धान विधि अपनाइएको थियो। भिन्न सामाजिक परिवेश, संस्कृति, र जातीय पृष्ठभूमिका थुप्रै किशोरकिशोरीसँग परामर्श भएको थियो। परामर्शको क्रममा १०० भन्दा बढी समूहगत छलफल कार्यक्रमको आयोजना गरिएको थियो। यस्ता समूह छलफलमा अभिभावक, शिक्षक, कर्मचारी, प्रहरी, सेवाप्रदायक, स्वास्थ्यकर्मीहरू, धार्मिकगुरुहरू, बुद्धिजीवि र किशोरकिशोरी संलग्न थिए। यसरी तयार गरिएको मस्यौदामा पाँच विकास क्षेत्रका सरोकारवालाहरूसँग छलफल गरिएको थियो। उक्त छलफलबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी यो कार्ययोजना तयार गरिएको छ।

# २.२ निर्देशक सिद्धान्त

यो राष्ट्रिय कार्ययोजना देहायअनुसारका निर्देशक सिद्धान्तमा आधारित छ :

१. **किशोरकिशोरीमाथिको लगानी भविष्यको लगानी** : किशोरावस्था बाल्यावस्थाबाट वयस्कतातर्फ पदार्पण हुने अवस्था हो। यस अवधिको सही विकासले नै उनीहरूको भविष्य उज्ज्वल हुने र उनीहरूको सिर्जनशील र सफल योगदानमा नै देशको सर्वाङ्गीण विकासको आधार हुने भएकोले उनीहरूका लागि गरिने लगानी देशको भविष्यका लागि लगानी हो।

२. **किशोरकिशोरीको समग्र विकासको आवश्यकतामा केन्द्रित** : सचेतना, संरक्षण, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, सहभागिता र आर्थिक सशक्तीकरण नै किशोरकिशोरीको समग्र विकासको मूल आधार हो।

४. **सम्भावनाको प्रस्फुरण गर्दै सामर्थ्यको वृद्धि** : किशोरकिशोरीका आशा, आकांक्षा र भावनालाई समेटेर व्यक्तित्व विकासका सम्भावनाको प्रस्फुरण गरी उनीहरूको बहुआयामिक क्षमताको अभिवृद्धि गर्नु समाज विकासको पूर्वाधार हो।

५. **स्वामित्व र सामूहिक जिम्मेवारी :** किशोरकिशोरीको अधिकारको संरक्षण तथा सम्वर्द्धन सबै सरोकारवालाहरूको साझा सवाल हो । यस कार्ययोजनाले लिएका लक्ष्य र उद्देश्य हासिल गर्न सकिने वा नसकिने भन्ने कुरा सम्बद्ध सबैको सामूहिक जिम्मेवारी र स्वामित्वमा भर पर्दछ ।

६. **समग्र विकासका लागि अधिकारमुखी कार्यपद्धति :** अधिकारमुखी कार्यपद्धतिबाट किशोरकिशोरीको सवाललाई सही ढंगबाट सम्बोधन गरी समग्र विकासमा प्रभावकारी नतिजा ल्याउन सकिन्छ ।

## २.३ दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्य

**सोचः** **"सबल नेपाल निर्माणका लागि प्रतिस्पर्धी र सक्षम नयाँ पुस्ता" ।**

**दीर्घकालीन लक्ष्यः** **देशलाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रूपान्तरण गर्ने क्रममा योगदान दिन आगामी पाँच वर्षसम्ममा किशोरकिशोरीको अधिकार संरक्षण र प्रवर्द्धन गरी उनीहरूको सर्वाङ्गीण विकासका लागि सवल वातावरण सुनिश्चित गर्ने ।**

**उद्देश्यः** **यस कार्ययोजनाको लक्ष्य हासिल गर्न निम्नानुसारका उद्देश्यहरू लिइएका छन् :**

१. किशोरकिशोरीको स्वास्थ्य स्थितिमा सुधार गर्ने ।

२. किशोरकिशोरीलाई सुरक्षित र सबल वातावरणमा आवश्यक सेवा सहज रूपमा प्रदान गर्ने ।

३. औपचारिक, अनौपचारिक, प्राविधिक, व्यावसायिक र विशेष शिक्षामा किशोरकिशोरीको न्यायोचित अवसर र पहुँच बढाइ क्षमता अभिवृद्धि गर्ने ।

४. वित्तीय सवाललाई सम्बोधन गर्न किशोरकिशोरीलाई सक्षम बनाउने ।

५. किशोरकिशोरीसँग सम्बन्धित निर्णय प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गर्ने ।

६. विविध उमेर, लिङ्ग, यौनिकता, जातजाति, धर्म, भूगोल, भाषा तथा अपाङ्गता भएका किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने ।

७. नतिजामूलक समन्वय, अनुगमन र मूल्याङ्कनको व्यवस्था सुनिश्चित गर्ने ।

# २.४ परिमाणात्मक लक्ष्य

| सूचकहरू | आ.ब. २०६९/७० सम्मको स्थिति | आ.ब. २०७२/७३ को लक्ष्य | आ.ब. २०७४/७५ को लक्ष्य |
|---|---|---|---|
| १५-१९ उमेर समूहका किशोरकिशोरीमा एच.आई.भी. एड्ससम्बन्धी ज्ञान (प्रतिशत) | २९.८❖ | ३९ | ४५ |
| विवाहः (१५-१९ वर्ष उमेर समूह) प्रतिशत | | | |
| किशोरी | २८.८❖ | २५ | २२ |
| किशोर | ६.९❖ | ५ | ३.५ |
| जन्मदर (१५-१९ उमेर समूहका किशोरी, प्रति १,०००) | ८१❖ | ७०© | ५० |
| आधारभूत तहको (कक्षा १-८) खुद भर्नादर | ८७+ | ९०+ | ९५ |
| खुद भर्ना दर (कक्षा ९-१२) | ३१◆ | ४०+ | ६५ |
| १५-२४ उमेर समूहको साक्षरता दर | ८८.६✡ | ९५+ | १०० |
| उच्च शिक्षामा छात्र र छात्राको अनुपात | ०.७१◆ | १.०© | १.० |
| १५-१९ उमेर समूहका किशोरकिशोरीको श्रममा सहभागिता दर | ४८.४⊙ | ४५ | ४२ |

***नोटः** उपर्युक्त तालिकामा सङ्केत नभएका लक्ष्यहरू सामान्यतः अनुमानित हुन् र आवश्यकताअनुसार परिमार्जन गर्नुपर्ने हुन सक्छ।*

**स्रोतः**

❖ नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण, सन् २०११, काठमाडौं : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, यूएसएड र न्यू ईरा।

◆ शिक्षा मन्त्रालय, २०६९।

✡ नेपाल सहस्राब्दी विकास लक्ष्य, प्रगति प्रतिवेदन, सन् २०१३ : रा.यो.आ. र सं.रा.सं. कन्ट्री टिम, नेपाल।

⊙ नेपाल श्रमशक्ति सर्भेक्षणसम्बन्धी प्रतिवेदन, सन् २००८, काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग।

© एनएचएसपी आईपी (II)

\+ तेह्रौं योजना (२०७०/७१-२०७२/७३) आधार-पत्र, रा.यो.आ.

# २.५ राष्ट्रिय कार्ययोजना

## २.५.१ स्वास्थ्य र स्वस्थ व्यवहार

**उद्देश्यः** **किशोरकिशोरीको स्वास्थ्य स्थितिमा सुधार गर्ने ।**

**रणनीति १ :** **स्वास्थ्य सेवाहरूमा किशोरकिशोरीको पहुँच बढाउन माग र पूर्ति दुवै पक्षको क्षमता वृद्धि गर्ने ।**

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | स्वास्थ्यसम्बन्धी सूचना र सेवाको पहुँच र उपयोगमा किशोर-किशोरी खासगरी बालिका र यौनिक अल्प-संख्यकको क्षमता अभिवृद्धि हुने । | • किशोरकिशोरी-मैत्री स्वास्थ्य सेवाको प्रयोग (प्रतिशत)<br>• आधा घण्टाभित्र सरकारी स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने किशोरकिशोरीको प्रतिशत<br>• १५-१९ उमेर समूहका किशोरकिशोरीमा एच.आई.भी. एड्ससम्बन्धी विस्तृत ज्ञान (प्रतिशत) | प्रथम वर्षदेखि | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय, मबासक मन्त्रालय | स्थानीय निकाय, संरासं निकाय, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैसस, नागरिक समाज |

**कार्यक्रम / क्रियाकलापः**

- किशोरकिशोरीको स्वास्थ्यमा प्रतिकूल असर पार्ने यौन तथा प्रजनन् स्वास्थ्य, यौन सम्पर्कबाट हुने सङ्क्रमण, एचआईभी र एड्स, मानसिक स्वास्थ्यलगायत अन्य स्वास्थ्यसँग सम्बन्धित सूचना तथा जानकारीमूलक सामग्रीहरू किशोरकिशोरीको सहभागितामा किशोरकिशोरी-मैत्री वातावरण निर्माण गरी व्यापक रूपमा प्रचारप्रसार र वितरण गर्ने ।
- किशोरकिशोरी विशेषगरी किशोरी र सीमान्तकृत समुदायका किशोरकिशोरीलाई स्वास्थ्य विषयमा सशक्तीकरणका साथै आवश्यक मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।
- विद्यालय तथा अन्य विभिन्न निकायद्वारा प्रदान गरिने स्वास्थ्य सूचना तथा जानकारीहरूको पुनरावलोकन गरी अझ विस्तृत र किशोरकिशोरी-मैत्री बनाउने ।
- किशोरकिशोरीसँग सम्बन्धित क्लब तथा समूहमा उनीहरूको स्वास्थ्य समस्याहरूमा छलफल गर्न सहज वातावरणको निर्माणमा सहयोग गर्ने ।
- अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | किशोरकिशोरी खासगरी किशोरी र अल्पसंख्यक समूहलाई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि हुने । | • स्वास्थ्य संस्थामा दरबन्दीअनुसार कार्यरत दक्ष स्वास्थ्यकर्मीको प्रतिशत<br>• स्वास्थ्य व्यवस्थापन समितिमा किशोरकिशोरीको सहभागिताको प्रतिशत<br>• स्तरअनुसार भौतिक पूर्वाधार, औषधि र उपकरण भएका स्वास्थ्य संस्थाको प्रतिशत | प्रथम वर्षदेखि | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | संरासं निकाय, अन्तर्राष्ट्रिय / राष्ट्रिय गैसस, नागरिक समाज |

**कार्यक्रम/क्रियाकलापः**

- विद्यमान किशोरकिशोरी स्वास्थ्य सेवालाई पुनरावलोकन गर्ने ।
- विभिन्न तहका स्वास्थ्यकर्मीहरूका निम्ति किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी तालिम र सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- स्वास्थ्य व्यवस्थापन समितिमा किशोरकिशोरीको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने ।
- किशोरकिशोरी-मैत्री स्वास्थ्य सेवाहरूका लागि सम्बन्धित निकायहरूबीचमा सिफारिस संयन्त्रको विकास गर्ने ।
- विद्यमान स्वास्थ्य कर्मचारी तालिम पाठ्यक्रमको पुनरावलोकन गरी किशोरकिशोरी विशेष सामग्री समावेश गर्ने ।
- अपाङ्ग-मैत्री स्वास्थ्य सेवा र संरचना निर्माण गर्ने ।

## २.५.२ सबल र संरक्षित वातावरण

**उद्देश्यः** **किशोरकिशोरीलाई सुरक्षित वातावरणमा आवश्यक सेवा सहज रूपमा प्रदान गर्ने ।**

**रणनीति १ः** **कानून, नीति, निर्देशिका र सहयोगी संयन्त्रहरूमा सामञ्जस्यता ल्याउने र सम्बद्ध संयन्त्रहरूबीच समन्वय गर्ने ।**

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | किशोरकिशोरी-मैत्री कानून, नीति तथा निर्देशिका निर्माण हुने । | • मुलुकी ऐनलगायत अन्य कानूनमा संशोधन भएका प्रावधान<br>• किशोरकिशोरीसँग सम्बन्धित नीति तथा निर्देशिकाको संख्या | दोस्रो वर्षदेखि | रायोआ, कानून तथा न्याय मन्त्रालय, मबासक मन्त्रालय, संमास्थावि मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संरासं निकाय, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैसस |

**कार्यक्रम / क्रियाकलापः**

- विद्यमान कानून, नीति, योजना तथा कार्ययोजना र निर्देशिका पुनरावलोकन[घ] गरी किशोरकिशोरीको संरक्षण र विकासका लागि अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौतासँग समायोजन गर्ने ।
- बालन्याय प्रणालीलाई किशोरकिशोरी-मैत्री बनाउन अध्ययन, तालिम तथा प्राविधिक सहयोग गर्ने ।
- किशोरकिशोरीमाथि हुने यौन शोषणको घटनाको हदम्याद हटाउन कानूनमा संशोधन गर्ने ।
- किशोरकिशोरीसँग सम्बन्धित क्षेत्रहरूः बेचबिखन, तस्करी, दुर्व्यवहार, हिंसा, रोजगार, श्रम शोषण, श्रम आप्रवासन, दौंतरी सम्बन्ध, वित्तीय शिक्षा आदि विषयहरूमा विद्यमान अवस्थाको अध्ययन, अनुसन्धान गरी सोको सिफारिस तथा निचोडलाई नीति र कार्यक्रममार्फत सम्बोधन गर्ने ।
- किशोरकिशोरीसँग सम्बन्धित निकृष्ट श्रमको अन्त्य गर्न विद्यमान कानूनहरूमा संशोधन गरी एकीकृत नीति र कार्यक्रमहरू बनाउने ।

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २. | किशोरकिशोरीलाई सेवा प्रदान गर्ने सस्थाहरूको क्षमता अभिबृद्धि हुने । | • क्षमता अभिवृद्धि भएका संस्था तथा पुनर्स्थापना केन्द्रहरूको संख्या<br>• हेल्पलाईन विस्तार भएका जिल्लाहरूको संख्या<br>• आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड पुरा गरेकोसुधार गृहको संख्या | दोस्रो वर्षदेखि | संमास्थावि मन्त्रालय, मबासक मन्त्रालय | गृह मन्त्रालय, केबाकस, संरासं निकाय, अन्तर्राष्ट्रिय /राष्ट्रिय गैसस, नागरिक समाज |

[घ] राष्ट्रिय मानव अधिकार कार्ययोजना (२०१०/११-२०१२/१३), बालबालिकाका निम्ति दसवर्षे राष्ट्रिय कार्ययोजना (२००४/०५-२०१४/१५), यौन तथा श्रम शोषणका लागि बालबालिका र महिलाको बेचबिखनविरूद्ध राष्ट्रिय कार्ययोजना (२००१), महिला र बालबालिकाको बेचबिखन, २०१२, लागूऔषध नियन्त्रणका लागि राष्ट्रिय नीति, २००६ र लागूऔषध नियन्त्रण रणनीति २०१०, बालश्रमसम्बन्धी राष्ट्रिय गुरूयोजना (२००४-२०१४), अशक्ततासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २००६, सूर्ती सेवन नियन्त्रण ऐन २०११ ।

**कार्यक्रम/क्रियाकलापः**

- किशोरकिशोरीसँग सम्बन्ध राख्ने विद्यमान उद्धार तथा पुनर्स्थापना केन्द्रहरूको क्षमता अभिवृद्धि तथा विस्तार गरी उद्धार तथा पुनर्स्थापना कार्य चुस्त बनाउने ।
- सम्बन्धित सरोकारवाला निकाय/संस्थाको संलग्नता र समन्वयमा किशारेकिशोरीलाई मनोसामाजिक परामर्श, कानूनी सहायतादेखि समग्र सेवा प्रदान गर्न सक्षम सिफारिस (रिफलर) संयन्त्रको विकास गर्ने ।
- हेल्प लाइन नेपाल (निःशुल्क फोन १०९८) लाई ७५ जिल्लामा विस्तार गर्ने र यसलाई नेपाल प्रहरी महिला बालबालिका सेवा केन्द्र र न्यायिक प्रणालीसँगको समन्वयमा सञ्चालन गर्ने ।
- अशक्त, सुस्त र अपाङ्गता भएका किशोरकिशोरीको उद्धार र पुनर्स्थापनाका लागि विशेष केन्द्रहरूको स्थापना गर्ने ।
- पाँचै विकास क्षेत्रमा बालसुधार गृहको स्थापना गर्ने ।
- यौन शोषणमा परेका किशोरकिशोरीलाई संक्षिप्त कार्यविधि (फास्ट ट्रयाक) द्वारा चाँडै न्याय प्रदान गर्ने ।

**रणनीति २ : सुरक्षित तथा सहयोगी वातावरणको सिर्जना गर्न किशोरकिशारी तथा अन्य सरोकारवालाहरूलाई सक्षम बनाउने ।**

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | किशोरकिशोरी-सम्बन्धी कानून, नीति, कार्यक्रम, सेवा तथा सुविधाको बारेमा सरोकारवालाहरू सुसूचित हुने र आवश्यक सेवाहरूको खोजी गर्न सक्षम हुने । | • किशोरकिशोरीसम्बन्धी कानून, नीति, कार्यक्रम, सेवा तथा सुविधाको बारेमा सम्पन्न गरिएका तालिममा सहभागि किशोरकिशोरी तथा सचेतना कार्यक्रमको किसिमसहितको संख्या<br>• किशोरकिशोरीको सवालमा तालिम प्राप्त र सक्रिय क्लबहरूको संख्या<br>• स्थानीय तहमा किशोरकिशोरी प्रति भएका अन्यायबिरुद्ध परेका उजुरीहरूमा कारबाही भएको संख्या | तेस्रो वर्षदेखि | मबासक मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति | गृह मन्त्रालय, संरासं निकाय, राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैसस, नागरिक समाज |

**कार्यक्रम/क्रियाकलाप:**

- वृहत्तर तथा विस्तृत जीवनोपयोगी तालिम पुस्तिकाको विकास गरी किशोरकिशोरीको लागि तालिम सञ्चालन गर्ने ।
- किशोरकिशोरीको सहभागितामा उनीहरूको सरक्षणका सवालहरू, नीति तथा कानूनी प्रवधानसम्बन्धी सूचना र सन्देश मूलक सामग्री तथा डकुमेन्ट्री निर्माण गरी व्यापकरुपमा वितरण तथा प्रचार-प्रसार गर्ने ।
- किशोरकिशोरीको संरक्षणको लागि उपयुक्त ठाउँ तथा संयन्त्र (बाल हेल्प लाइन नेपाल १०९८, प्रहरी चौकी, बालसंरक्षण समिति, निगरानी समूह आदि) मा पहुँच वृद्धिका लागि जानकारीहरू प्रदान गर्ने ।
- अभिभावक नभएका, बुबा पत्ता नलागेका किशोरकिशोरीलाई नागरिकता प्रदान गर्ने व्यवस्था मिलाउने ।

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | किशोरकिशारी-मैत्री सेवाहरू प्रदान गर्न सबै प्रशासनिक तथा अन्य सरोकारवाला क्षेत्रका सेवा प्रदायकहरू सक्षम हुने । | • किशोरकिशारी-मैत्री सेवाहरूका बारेमा तालिम वा जानकारी प्रदान गरिएका सरोकारवाला निकायको संख्या<br>• किशोरकिशोरी-मैत्री सेवा प्रदान गर्ने सेवा प्रदायकको संख्या | दोस्रो वर्षदेखि | मबासक मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | गृह मन्त्रालय, संरासं निकाय, अन्तर्राष्ट्रिय/ राष्ट्रिय गैसस, नागरिक समाज |

**कार्यक्रम/क्रियाकलाप:**

- सेवा केन्द्रमा किशोरकिशोरी सेवासम्बन्धी सम्पर्क व्यक्ति (महिला) को नियुक्त गर्ने ।
- सेवा प्रदायकहरूलाई किशोरकिशोरी-मैत्री व्यवहार र सेवा प्रदान गर्न अभिमुखीकरण गर्ने ।

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३ | किशोरकिशोरी-सम्बन्धी विकासका सवाललाई सम्बोधन गर्न विकास साझेदार सक्षम हुने । | • किशोरकिशोरीसम्बन्धी कार्य गर्ने विकास साझेदार संजालको विकास<br>• किशोरकिशोरीसम्बन्धी कार्य गर्ने विकास साझेदार सञ्जालले सञ्चालन गरेका कार्यक्रमको किसिमसहितको संख्या<br>• विकास साझेदारहरूले सेवा प्रदान गरेको किशोरकिशोरीको प्रतिशत | प्रथम वर्षदेखि | मबासक मन्त्रालय | संरासं निकाय, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैसस, नागरिक समाज |

**कार्यक्रम/क्रियाकलापः**

- किशोरकिशोरीसम्बन्धी कार्य गर्ने विकास साझेदारहरूको सञ्जालको विकास गर्ने ।
- उक्त सञ्जालमा किशोरकिशोरीसम्बन्धी सवाललाई सम्बोधन गर्न सरकारी निकायसँग कानून, नीति र संस्थागत सुधारका लागि पैरवी र सहयोग गर्नेबारे वृहत् छलफल गर्ने र सोसम्बन्धी कार्यमा सञ्जालभित्र र बाहिरका सरोकारवालाहरूलाई सहयोग गर्ने ।
- हानिकारक चलनचल्तीहरू जस्तैः बालविवाह, दाइजो, छाउपडी जस्ता कार्यविरुद्ध सचेतना कार्यक्रमहरू गर्न-गराउन सञ्जालभित्र क्षमता विकास गर्ने कार्य गर्ने ।
- सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणविरुद्ध आवाज उठाउने, उदाहरणीय कार्यहरू, व्यक्ति, निकाय तथा संस्थाहरूको अभिलेख तयार गरी प्रचारप्रसार गर्ने ।
- किशोरकिशोरीका सवालहरूसम्बन्धी जानकारीलाई जिम्मेवारपूर्वक प्रचारप्रसार गर्न-गराउन सञ्चार संस्था तथा सञ्चारकर्मीहरूसँग पनि सहकार्य गर्ने ।

### २.५.३ शिक्षा र सीप

**उद्देश्य :** **औपचारिक, अनौपचारिक, प्राविधिक, व्यावसायिक र विशेष शिक्षामा किशोरकिशोरीको न्यायोचित अवसर र पहुँच बढाई क्षमता अभिवृद्धि गर्ने ।**

**रणनीति १:** **किशोरकिशोरी खासगरी किशोरी र सीमान्तकृत र अपाङ्गता भएकाहरूको औपचारिक र अनौपचारिक गुणस्तरीय शिक्षामा पहुँच बढाउने ।**

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | उच्च माध्यमिक तहसम्म सबै किशोरकिशोरीको मैत्रीपूर्ण र गुणस्तरीय शिक्षामा पहुँच पुगेको हुने । | • सीमान्तकृत तथा पछाडि परेका समुदायका एवं अपाङ्गतामा रहेका किशोरकिशोरी, मूलतः किशोरीहरूको साक्षरता प्रतिशत<br>• किशोरी र अपाङ्ग-मैत्री विद्यालयको प्रतिशत<br>• किशोरीको लागि छुट्टै व्यवस्थित शौचालय भएको विद्यालयको प्रतिशत<br>• सीमान्तकृत परिवारका छात्रवृत्ति पाएका किशोरकिशोरीको प्रतिशत<br>• कक्षा ६-१० र ११-१२ सम्म छात्रवृत्ति पाएका विद्यार्थीको संख्या<br>• विद्यालय र उच्च शिक्षाको अन्तिम परीक्षा उतीर्ण प्रतिशत | दोस्रो वर्षदेखि | शिक्षा मन्त्रालय, संमास्थावि मन्त्रालय | संरासं निकाय, अन्तर्राष्ट्रिय/ राष्ट्रिय गैसस, नागरिक समाज |

**कार्यक्रम / क्रियाकलापः**

- सबैका लागि शिक्षा र विद्यालय क्षेत्र सुधार कार्यक्रमको समीक्षा गरी किशोरकिशोरीका विशेष आवश्यकताहरू समावेश गर्ने ।
- किशोरी एवं सीमान्तकृत परिवारका किशोरकिशोरीलाई लक्षित गरी व्यवस्था गरिएको छात्रवृत्ति (प्रोत्साहन प्रणाली[ङ]) को सुनिश्चित गर्ने ।
- दुर्गम क्षेत्र तथा सीमान्तकृत किशोरकिशोरीको शिक्षामा पहुँच वृद्धि गर्न फिडर छात्रावास विस्तार गर्ने ।
- अपाङ्गता भएका किशोरकिशोरीका लागि ब्रेललिपि र सांकेतिक भाषाका पाठ्यपुस्तकहरू सहजै उपलब्ध गराउने व्यवस्था गर्ने ।
- अपाङ्गता सुलभ विद्यालय तथा छात्रावासको व्यवस्था गर्ने ।
- विद्यालयमा प्राथमिक उपचार बाकससहित किशोरीहरूलाई स्यानेटरी प्याड उपलब्ध गराउने ।
- मातृभाषाको शिक्षालाई विस्तार गर्दै सबै मातृभाषाको शिक्षालाई उच्च मावि स्तरसम्म अध्ययन गराउने ।
- प्राथमिकतहदेखि नै विस्तृत प्रजनन् स्वास्थ्य एवं किशोरकिशोरी स्वास्थ्यको विषय समावेश गर्ने ।
- किशोरी र अपाङ्गता-मैत्री छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्ने ।

[ङ] छात्रवृत्ति/प्रोत्साहन कार्यक्रमहरू जस्तै प्राथमिक बालिका छात्रवृत्ति, दलित छात्रवृत्ति, स्थानीय विद्यालय छात्रवृत्ति, बालिकाहरूका निम्ति स्तरोन्नति छात्रवृत्ति, क्याम्पसमा अध्ययनरत केटीहरूका लागि छात्रवृत्ति, सहिदका छोराछोरी छात्रवृत्ति, अशक्त बालबालिकाका लागि छात्रवृत्ति ।

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | किशोरकिशोरीको प्राविधिक, व्यावसायिक र वैकल्पिक शिक्षाको पहुँचमा वृद्धि हुने । | • प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय तथा महाविद्यालयको संख्या<br>• प्राविधिक शिक्षा प्राप्त गरिरहेका किशोरकिशोरीको संख्या<br>• व्यावसायिक तालिम प्रदान गर्ने शैक्षिक संस्थाको प्रतिशत<br>• व्यावसायिक तालिम प्राप्त गरिरहेका किशोरकिशोरीको संख्या<br>• अनौपचारिक शिक्षा प्रदान गर्ने केन्द्रको संख्या<br>• अनौपचारिक शिक्षा प्राप्त गरिरहेका किशोरकिशोरीको संख्या | दोस्रो वर्षदेखि | शिक्षा मन्त्रालय | संमास्थावि मन्त्रालय, संरासं निकाय, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैसस |

**कार्यक्रम / क्रियाकलाप:**

- किशोरकिशोरी केन्द्रित अनौपचारिक शिक्षा कार्यक्रम विस्तार र सामुदायिक अध्ययन केन्द्रहरू सक्रिय बनाउने ।
- विद्यालयमा नरहेका र एसएसली उत्तीर्ण हुन नसकेका किशोरकिशारीलाई केन्द्रित गरी अनौपचारिक कक्षा, ब्रिज कक्षामार्फत वैकल्पिक शिक्षालाई विस्तार गर्ने ।
- अनौपचारिक शिक्षा प्रणालीको पाठ्यक्रममा जीवन उपयोगी सीप शिक्षा समावेश गर्ने ।
- विद्यालय शिक्षामा नरहेका किशोरकिशोरीका परिवारका निम्ति सीपमूलक र जीविकोपार्जन कार्यक्रमको विस्तार गर्ने । त्यस्ता परिवारका किशोरकिशोरीलाई विद्यालयसम्म ल्याउने वा अनौपचारिक र वैकल्पिक शिक्षा प्रदान गर्ने व्यवस्था गर्ने ।
- बालविवाहमा परेका किशोरकिशोरी मूलतः किशोरीहरूलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन खुल्ला र वैकल्पिक शिक्षा प्रदान गर्ने ।
- विद्यमान पाठ्क्रममा पुनरावलोकन गरी व्यवहारिक, व्यावसायिक र सीपमूलक शिक्षाको व्यवस्था गर्ने ।

**रणनीति २: किशोरकिशोरी-मैत्री विद्यालय वातावरणको विकास गर्न शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिलाई सक्षम बनाउने ।**

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | किशोरकिशोरी-मैत्री शिक्षण सिकाइका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारी, अभिभावक संघ र गाउँ शिक्षा समितिको क्षमता वृद्धि भएको हुने । | • किशोरकिशोरी संवेदनशील सिकाइको वातावरण भएका विद्यालयको प्रतिशत<br>• किशोरकिशोरीमाथि हुने सबै किसिमका दुर्व्यवहार नियन्त्रण गर्ने व्यवस्था वा अभ्यास भएका विद्यालयको प्रतिशत<br>• तालिम प्राप्त शिक्षक, व्यवस्थापन समिति, अभिभावक संघको संख्या | दोस्रो वर्षदेखि | शिक्षा मन्त्रालय | संरासं निकाय, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैसस, शिक्षक र अभिभावक संघ |

**कार्यक्रम/क्रियाकलापः**

- किशोरकिशोरी-मैत्री विद्यालय वातावरणको निम्ति परिभाषासहितको न्यूनतम मापदण्ड निर्माण गर्ने र कार्यान्वयन गर्ने ।
- किशोरकिशोरी-मैत्री अध्यापन, व्यवस्थापन, सञ्चार र परामर्शका निम्ति निर्देशिकाहरू निर्माण गर्ने र कार्यान्वयन गर्ने ।
- किशोरकिशोरी-मैत्री शिक्षण सिकाइ, व्यवस्थापन र सचेतनाका लागि तालिम पुस्तिका र सामग्री निर्माण गर्ने र उपयोग गर्ने गराउने ।
- सामुदायिक र निजी दुवै विद्यालयका शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समितिका लागि तालिम प्रदान गर्ने ।
- शिक्षक र कर्मचारीका निम्ति सञ्चालनमा रहेका तालिम पुस्तिका एवं सामग्रीमा किशोरकिशोरी-मैत्री शिक्षण विधि समावेश गर्ने ।

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | विद्यालयले विद्यार्थीविरुद्ध हुने शारीरिक, यौन, भावनात्मकजस्ता हिंसा र दुर्व्यवहारका घटनाहरू नियन्त्रण गर्ने र उनीहरूलाई न्याय तथा सेवा प्रदान गर्न उपयुक्त स्थानहरूमा सिफारिस गरेको हुने । | • सबै किसिमका दुर्व्यवहार नियन्त्रण गर्ने व्यवस्था भएका विद्यालयको प्रतिशत<br>• आचारसंहिता निर्माण गरेका विद्यालयहरूको संख्या<br>• बालसंरक्षण समिति निर्माण भएका विद्यालयहरूको संख्या<br>• पिडकलाई कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिएका घटनाको संख्या<br>• सक्रिय बाल क्लब भएका विद्यालयको प्रतिशत<br>• बाल विज्याइँका घटनाको संख्या | दोस्रो वर्षदेखि | शिक्षा मन्त्रालय | गृह मन्त्रालय, केबाकस, जिबाकस, संरासं निकाय, राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैसस |

**कार्यक्रम/क्रियाकलापः**

- शैक्षिक संस्थाहरूमा दुर्व्यवहार, शोषण र शारीरिक सजायविरुद्ध आचारसंहिताको निर्माण गरी कार्यान्वयन गर्ने ।
- विद्यालयहरूमा विद्यमान विद्यार्थीका क्लबहरूलाई सहयोग गरी उनीहरूको क्षमता विकास गर्ने ।
- विद्यालयहरूमा मनोसामाजिक परामर्शको व्यवस्था गरी र सक्षम मनोविमर्शकर्ता (महिला) सहित गोप्य परामर्श कक्षको व्यवस्था गर्ने ।
- विद्यालय बालसंरक्षण नीति जारी गरी विद्यालयमा बाल संरक्षण समिति गठन गराउने र बालबालिकाको कुरा सुनुवाइ गर्ने जिम्मेवार व्यक्तिको व्यवस्था गर्ने ।
- पिडकलाई कारबाही लागि सिफारिस गरी पीडितलाई क्षतिपूर्ति दिलाउने कानूनी व्यवस्था गर्ने ।
- भयरहित शिक्षण सिकाइ नीति कार्यान्वयन गर्ने ।
- बाल सुधार गृहको व्यवस्थापन गर्ने ।

## २.५.४ जीविकोपार्जन, रोजगार र वित्तीय साक्षरता

**उद्देश्य :** **वित्तीय सवाललाई सम्बोधन गर्न किशोरकिशोरीलाई सक्षम बनाउने ।**

**रणनीति १:** **औपचारिक र अनौपचारिक शिक्षा तथा व्यावसायिक तालिममा वित्तीय साक्षरता र जीविकोपार्जनका विषयहरू समावेश गरी किशोरकिशोरीको क्षमताको विकास गर्ने ।**

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | वित्तीय साक्षरता र जीविकोपार्जन सम्बन्धी शिक्षामा किशोरकिशोरीको पहुँच बढ्ने । | • किशोरकिशोरीका लागि वित्तीय प्रावधानहरू भएको नीतिको संख्या<br>• जीविकोपार्जनका विषय समावेश भएका कार्यक्रमको संख्या<br>• वित्तीय सेवा उपयोग गरेका किशोरकिशोरीको प्रतिशत<br>• किशोरकिशोरीका जीविकोपार्जनका लागि सञ्चालित कार्यक्रमहरूको संख्या<br>• जीविकोपार्जनसम्बन्धी तालिम प्राप्त किशोरकिशोरीको संख्या (१६-१९ वर्ष) | दोस्रो वर्षदेखि | शिक्षा मन्त्रालय, मबासक मन्त्रालय, केबाकस | उद्योग मन्त्रालय,संरासं निकाय, अन्तर्राष्ट्रिय/ राष्ट्रिय गैसस |

**कार्यक्रम/क्रियाकलाप:**

- औपचारिक र अनौपचारिक शिक्षासम्बन्धी विद्यमान पाठ्यक्रम तथा पाठ्यपुस्तकको पुनरावलोकन गरी त्यसमा वित्तीय साक्षरता, सामाजिक सीप र आर्थिक सशक्तीकरणसम्बन्धी विषयहरूलाई समावेश गर्ने ।
- किशोरकिशोरीका लागि जीविकोपार्जनका लागि सीप तथा व्यावसायिक शिक्षा र लघुवित्त उद्यम विकास तालिम सञ्चालन गर्ने ।
- किशोरकिशोरी खासगरी किशोरी र अल्पसंख्यक समुदायका किशोरकिशोरीका निम्ति व्यावसायिक शिक्षा/तालिमको अवसरका लागि छात्रवृत्ति उपलब्ध गर्ने ।

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | उपयुक्त जीविकोपार्जनका विकल्पहरूको छनोट गर्न किशोरकिशोरीको क्षमता अभिवृद्धि हुने । | • जीविकोपार्जनसम्बन्धी सूचना केन्द्रको संख्या<br>• बैंक/वित्तीय संस्थाको सहयोगमा काम गरिरहेका किशोरकिशोरीको संख्या (१६-१९ वर्ष)<br>• जीविकोपार्जनसम्बन्धी तालिम प्राप्त गरी लघुउद्यम सञ्चालन गरेका किशोर किशोरीहरूको संख्या (१६-१९ वर्ष) | दोस्रो वर्षदेखि | श्रम मन्त्रालय, मबासक मन्त्रालय | उद्योग मन्त्रालय, वित्तीय संस्थाहरू, संरासं निकाय, अन्तर्राष्ट्रिय/ राष्ट्रिय गैसस |

**कार्यक्रम/क्रियाकलापः**

- जीविकोपार्जनसम्बन्धी सूचना केन्द्र स्थापना गर्ने ।
- किशोरकिशोरीलाई लघुवित्त र बचत तथा ऋण सहकारीजस्ता वित्तीय संस्थाहरूसँग समन्वय गराउने ।
- किशोरकिशोरीलाई बजार/व्यवसायसँग सम्बन्ध विस्तार गर्न सहयोग गर्ने ।
- गरिब परिवारका किशोरकिशोरीका निम्ति लघुउद्यमको थालनी गर्न समूह जमानी र सस्तो व्याजदरमा ऋण उपलब्ध गराउने ।
- किशोरकिशोरीका निम्ति रोजगारको लागि समर्थ बनाउन सार्वजनिक-निजी साझेदारीमा प्रयास गर्ने ।
- किशोरकिशोरीलाई उद्यमशील र रोजगार समर्थ बनाउने कार्य गर्ने ।
- किशोरकिशोरीलाई आफूले सिकेको सीपलाई अझ सशक्त बनाउन सिक्ने अवसरहरू (इन्टर्नसिप) प्रदान गराउन निजी क्षेत्रलाई सहयोग गर्ने ।
- किशोरकिशोरीलाई वित्तीय साक्षरता प्रदान गरी जीविकोपार्जनका गतिविधिमा संलग्न गराउन विद्यालय, परिवार र उद्योगहरूलाई अभिमुखीकरण गर्ने ।

## २.५.५ सहभागिता र नागरिक संलग्नता

**उद्देश्य :** **किशोरकिशोरीसँग सम्बन्धित निर्णय प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गर्ने ।**

**रणनीति १:** **किशोरकिशोरीको अर्थपूर्ण सहभागिताका लागि किशोरकिशोरीलाई अधिकार र कर्तव्यप्रति जागरुक गरिनेछ ।**

**रणनीति २:** **किशोरकिशोरीसँग साझेदारीमा कार्य गर्नका लागि सरोकारवाला संस्थाहरूको क्षमता विकास गरिनेछ ।**

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | सम्बद्ध विषयहरूमा किशोरकिशोरीको सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था भएको हुने । | • किशोरकिशोरीको सहभागिताको सुनिश्चिता गर्नका लागि सुधार गरिएका नीतिको संख्या<br>• किशोरकिशोरीसँग सम्बन्धित कार्य गर्ने विभिन्न निकाय, समिति तथा सञ्जालमा किशारकिशोरीको प्रतिनिधित्व प्रतिशत | दोस्रो वर्षदेखि | मबासक मन्त्रालय, संमास्थावि मन्त्रालय, केबाकस | रायोआ, संरासं निकाय, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैसस |

**कार्यक्रम/क्रियाकलाप:**

- विद्यमान नीतिहरू, ऐनहरू र योजनाहरू जस्तै बालमैत्री स्थानीय शासन निर्देशिका, गाविसको अनुदान कार्यान्वयन निर्देशिका किशोरकिशोरीको सहभागिता अभिवृद्धि गर्न आवश्यक सुधार गर्ने ।
- राजनीतिक नेतृत्वलगायत नीति निर्माताहरूसँग किशोरकिशोरीका अधिकार र सवालहरूलाई राष्ट्रिय विकासमा समाहित गर्न पैरवी गर्ने ।
- सहभागिता निर्देशिकाअनुसार किशोरकिशोरीको हरेक तहमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, केन्द्रीय/जिल्ला बाल कल्याण समिति, गाविस/नगरपालिकाका परिषद्, वडा/गाउँ नागरिक मञ्च आदि ।

| क्र.सं. | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | सहभागिता र नागरिक संलग्नता सम्बन्धी अधिकार र कर्तव्यका विषयहरूमा किशोरकिशोरीको क्षमता अभिवृद्धि हुने । | • जिल्ला सामाजिक परिचालन समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र जस्ता संरचनामा किशोरकिशोरीका सहभागिता प्रतिशत<br>• किशोरकिशोरी सम्बन्धी अधिकार र कर्तव्यका विषयमा तालिम प्राप्त किशोरकिशोरीको प्रतिशत<br>• सञ्चालनमा रहेका किशोरकिशोरी क्लबहरूको संख्या | दोस्रो वर्षदेखि | मबासक मन्त्रालय, शिक्षा मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति | जिबाकस, संरासं निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस |

**कार्यक्रम/क्रियाकलाप** :

- किशोरकिशोरी-मैत्री सचेतना सामग्रीको विकास गर्ने ।
- अर्थपूर्ण सहभागिता, आफ्नो अधिकार तथा कर्तव्यका विषयहरूमा किशोरकिशोरीको लागि तालिम सञ्चालन गर्ने ।
- सामाजिक परिवर्तनका निम्ति किशोरकिशोरीको क्लब/समूह र तिनका सञ्जाल परिचालन गर्ने ।
- अपाङ्गता भएका किशोरकिशोरीको सहभागिताका लागि वातावरण तयार गर्ने ।
- असल कार्यका निम्ति प्रशंसा र पुरस्कारका माध्यमबाट पहिचान र मान्यता दिने ।

## २.५.६ लैङ्गिक समता र सामाजिक समावेशीकरण

**उद्देश्य :** **विविध उमेर, लिङ्ग, यौनिकता, जातजाति, धर्म, भूगोल, भाषा तथा अपाङ्गता भएका किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने ।**

**रणनीति १:** **लैङ्गिक समता र सामाजिक समावेशीकरणका सवालहरूमा किशोरकिशोरी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ ।**

| क्र.सं | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | लैङ्गिक समता र सामाजिक समावेशीकरण र सहभागिताको सवालमा किशोरकिशोरी र सरोकारवालाहरू सक्षम हुने । | • लैङ्गिक समता र सामाजिक समावेशीकरण तालिम प्राप्त किशोरकिशोरीको संख्या<br>• किशोरकिशोरीको सहभागितामा सञ्चालनमा रहेका समावेशी किशोरी क्लबहरूको संख्या<br>• किशोरकिशोरीको सहभागिता रहेका विद्यालय व्यवस्थापन समिति र बाल मैत्री स्थानीय स्वायत शासनलगायत राष्ट्रियस्तरसम्मका सरोकारवाला समितिको संख्या | दोस्रो वर्षदेखि | मबासक मन्त्रालय, संमास्थावि मन्त्रालय, केबाकस | संरासं निकाय, अन्तर्राष्ट्रिय/ राष्ट्रिय गैसस, नागरिक समाज |

**कार्यक्रम/क्रियाकलाप :**

- किशोरकिशोरीका लागि लैङ्गिक समता र सामाजिक समावेशीकरणबारेका जानकारीमूलक सचेतना सामग्री (नेपाली र स्थानीय भाषामा) विकास र वितरण गर्ने र सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय व्यवस्थापन समिति तथा बालमैत्री स्थानीय शासन र जिल्ला विकास समितिमा किशोरीहरू र अल्पसंख्यक समुदायको किशोरकिशोरीको सहभागिता सुनिश्चितताको व्यवस्था गर्ने ।
- केन्द्रीयस्तरदेखि स्थानीयस्तर तथा विद्यालय र समुदायमा लैङ्गिक समता र सामाजिक समावेशीकरण एवं किशोरकिशोरीको सहभागिताको सवालमा अन्तरक्रियाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विभिन्न समूहका किशोरकिशोरी र खासगरी किशोर र किशोरीबीच श्रम, व्यवहार, सुविधाजस्ता विषयमा हुने विभेद र समताबारे सचेतना कार्य गर्ने ।

**रणनीति २: किशोरकिशोरीलाई खासगरी किशोरी र सीमान्तकृत समुदायका किशोरकिशोरीलाई असर पार्ने हानिकारक सामाजिक परम्परा र विभेदपूर्ण व्यवहार न्यूनीकरणबारे प्रचारप्रसार गर्ने ।**

| क्र.सं | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | हानिकारक सामाजिक परम्परा र विभेदपूर्ण व्यवहारहरू न्यूनीकरण हुने । | • किशोरकिशोरीलाई खासगरी किशोरी र सीमान्तकृत समुदायका किशोरकिशोरीलाई असर पार्ने हानिकारक सामाजिक परम्परा र विभेदपूर्ण व्यवहार न्यूनीकरणसम्बन्धी नीति तथा निर्देशिकाको संख्या<br>• उक्त नीतिको कार्यान्वयनबाट विभेदपूर्ण व्यवहार न्यूनीकरणको संख्या<br>• किशोरकिशोरीसँग सम्बन्धित लैङ्गिक तथा समताका सवालहरूबारे उजुरी र कारबाहीको संख्या | दोस्रो वर्षदेखि | मबासक मन्त्रालय, संमास्थावि विकास मन्त्रालय | सूचना तथा संचार मन्त्रालय,संरासं निकाय, राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैसस, नागरिक समाज |

**कार्यक्रम / क्रियाकलाप :**

- समता र सामाजिक समावेशीकरणमूलक नीति निर्माण तथा सुधारका लागि निर्माताहरूसँग अन्तरक्रिया गर्ने ।
- किशोरकिशोरीलाई खासगरी किशोरी र सीमान्तकृत समुदायका किशोरकिशोरीलाई असर पार्ने हानिकारक सामाजिक परम्परा र विभेदपूर्ण व्यवहार न्यूनीकरणसम्बन्धी नीतिगत व्यवस्था गर्ने तथा निर्देशिका तयार वा सुधार गरी प्रयोगमा ल्याउने ।
- शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति, अभिभावकहरू, धार्मिक गुरुहरू, स्थानीय सरकारी सरोकारवालाहरू, राजनीतिक दलका नेताहरूबीच किशोरकिशोरीका सवालहरू सम्बोधन गर्न लैङ्गिक सचेतना र विभेदबारेका सचेतना सामग्री (नेपाली र स्थानीय भाषामा) विकास, वितरण र सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

## २.५.७. समन्वय, अनुगमन र मूल्याङ्कन

**उद्देश्य :** **नतिजामूलक समन्वय, अनुगमन र मूल्याङ्कनको व्यवस्था गर्ने ।**

**रणनीति १:** **राष्ट्रिय योजना आयोगको अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको अवधारणाअनुसार यो कार्ययोजनाको विस्तृत अनुगमन तथा मूल्याङ्कन योजना बनाई कार्यान्वयन गर्ने ।**

| क्र.सं | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | नतिजामूलक समन्वय, अनुगमन र मूल्याङ्कनका लागि सम्बद्ध निकायहरूको क्षमता अभिवृद्धि भई अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुने । | • नतिजामूलक अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तर्जुमा<br>• सरोकारवाला निकायका कर्मचारीलाई प्रदान गरिएको तालिम संख्या<br>• अनुगमन र मूल्याङ्कन प्रतिवेदनको संख्या<br>• लागू भएका अनुगमनबाट प्राप्त सुझावहरूको संख्या | दोस्रो वर्षदेखि | रायोआ, सम्बद्ध मन्त्रालय | केबाकस, जिबाकस, अन्तर्राष्ट्रिय / राष्ट्रिय गैसस |

**कार्यक्रम ⁄ क्रियाकलापः**

- विस्तृत अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्ने ।
- कार्ययोजनाको कार्यान्वयन प्रभावकारी बनाउन अन्तर-मन्त्रालय तथा निकायस्तरमा अभिमुखीकरण गर्ने ।
- कार्ययोजनाअनुरुप सामञ्जस्य हुने गरी विषयगत एवं क्षेत्रगत अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

**रणनीति २: कार्ययोजनाअनुरुप वर्गीकृत तथ्याङ्कको व्यवस्थापन र प्रतिवेदन प्रणालीको विकास गर्ने ।**

| क्र.सं | प्रतिफल | प्रतिफलका सूचकहरू | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | किशोरकिशोरीसम्बन्धी वर्गीकृत तथ्याङ्क प्रणार्ली सम्बद्ध मन्त्रालयको सूचना प्रणाालीसँग आवद्ध भएको हुने । | • किशोरकिशोरीसम्बन्धी वर्गीकृत तथ्याङ्क उपलब्घ भएका जिल्लाहरूको संख्या ।<br>• राष्ट्रिय कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कनको विषय आफ्नो सूचना व्यवस्थापन प्रणालीमा एकीकृत गर्ने सम्बद्ध मन्त्रालय र निकायको संख्या | दोस्रो वर्षदेखि | राष्ट्रिय योजना आयोग, सम्बद्ध मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति | जिल्ला बाल कल्याण समिति, संरासं निकाय, अन्तर्राष्ट्रिय ⁄ राष्ट्रिय गैसस |

**कार्यक्रम / क्रियाकलापः**

- यस कार्ययोजनाअनुरुप अनुगमन र मूल्याङ्कनका लागि सूचना व्यवस्थापन संयन्त्रको सुधार गर्ने ।
- राष्ट्रिय योजना आयोगले सम्बद्ध मन्त्रालयहरूलाई योजना, अनुगमन, मूल्याङ्कन र रिपोर्टिङ कार्यमा सहयोग गर्ने ।
- यस कार्ययोजनाको अनुगमन मन्त्रालयहरूको नियमित अनुगमन व्यवस्थामा एकीकृत गर्ने ।
- अनुगमनको सुझावहरूलाई सम्बोधन गर्ने व्यवस्था गर्ने ।
- सम्बन्धित मन्त्रालयहरूको सूचना व्यवस्थापन प्रणालीको समीक्षा गर्ने र किशोरकिशोरीको वर्गीकृत लैङ्गिक तथ्याङ्क संकलन गर्ने ।

खण्ड

३

# कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन

## ३.१ कार्यान्वयन र समन्वय

केन्द्रीय तहमा, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन र अनुगमनको समन्वय गर्न राष्ट्रिय योजना आयोगलाई पनि मद्दत गर्नेछ। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सम्बद्ध मन्त्रालयहरूबाट किशोरकिशोरीसँग सम्बन्धित सबै जानकारी संकलन गरी वार्षिक प्रतिवेदन तयार पार्नेछ। (**सम्बद्ध मन्त्रालयको भूमिकाबारेमा अनुसूची १ हेर्नुहोस्**) ।

विकास साझेदारहरूले कार्यान्वयन निकायहरूको क्षमता वृद्धि गरी योजनाको कार्यान्वयनमा मद्दत गर्नेछन् । किशोरकिशोरीका विकासका आवश्यकताहरू पूरा गर्न सम्बद्ध मन्त्रालयहरू नै जिम्मेवार हुनेछन्। संयुक्त राष्ट्र सङ्घीय निकाय, विकास साझेदारहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैसस र नागरिक समाजहरूले राष्ट्रिय कार्ययोजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्र र जिल्ला तहसम्ममा सक्रिय साझेदारको भूमिका निर्वाह गर्नेछन् ।

हरेक जिल्लामा जिल्ला किशोरकिशोरी समन्वय समिति गठन गरिनेछ। यी समितिहरूको अध्यक्षता जिल्ला विकास समितिका सभापतिले गर्नेछन् भने महिला विकास अधिकृतले सदस्य-सचिवको जिम्मेवारी वहन गर्नुपर्नेछ। समितिका अन्य सदस्यहरूमा सम्बद्ध निकायहरू, किशोरकिशोरीका क्षेत्रमा कार्यरत गैससहरू र किशोरकिशोरीका प्रतिनिधिहरू समावेश रहनेछन् । जिल्ला किशोरकिशोरी समन्वय समितिको बैठक वर्षमा कम्तीमा दुईपटक बस्नेछ । जिल्ला बाल कल्याण समितिको कार्यसूची र सदस्यतालाई फराकिलो बनाई किशोरकिशोरीका विशेष आवश्यकतालाई पनि सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ। यसैगरी, किशोरकिशोरी विशेष कार्यहरू बाल अधिकार अधिकृतको कार्यादेशमा थपिनेछ। जिल्ला महिला तथा बालबालिका कार्यालयले किशोरकिशोरीको विकासका निम्ति सचिवालयको रूपमा कार्य गर्नेछ। जिल्ला बाल कल्याण समितिले किशोरकिशोरी केन्द्रित सम्पूर्ण विकासका पहललाई समन्वय गर्नेछ र योजना निर्माणमा जिल्ला किशोरकिशोरी समन्वय समितिलाई मद्दत गर्नेछ।

## ३.२ अनुगमन र मूल्याङ्कन

राष्ट्रिय योजना आयोग यो कार्ययोजनाको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने केन्द्रीय समन्वयकारी निकायका रूपमा रहनेछ । यस आयोगले आवधिक र वार्षिक योजना तथा कार्यक्रम तर्जुमाको क्रममा यस कार्ययोजनाको मर्मअनुसार किशोरकिशोरीका सवालहरू सम्बोधन गर्न सम्बद्ध मन्त्रालयहरू र विकास साझेदारहरूसँग समष्टिगत रूपमा समन्वयकारी भूमिका निर्वाह गर्नेछ। राष्ट्रिय योजना आयोगको अनुगमन र मूल्याङ्कन ढाँचामा यस कार्ययोजनाको कार्यान्वयन तथा कार्यसम्पादनका सवाललाई समाहित गरिनेछ र राष्ट्रिय योजना आयोगको अनुगमन र मूल्याङ्कन निर्देशिकासँग तादाम्यता हुने गरी यस कार्ययोजनाको अनुगमन र मूल्याङ्कन योजनासमेत तयार गरिनेछ। राष्ट्रिय योजना आयोगबाट कार्ययोजना अवधिको अन्त्यमा मूल्याङ्कन हुनेछ र यसको मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरिनेछ।

किशोर किशोरी भए दक्ष,
बन्छ देशको भविष्य

# अनुसूची

# अनसूची १ः सम्बद्ध मन्त्रालयहरूको भूमिका र जिम्मेवारी

| मन्त्रालय/ विभाग | राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका निम्ति प्रस्तावित भूमिका |
|---|---|
| **राष्ट्रिय योजना आयोग** | ▪ किशोरकिशोरीसँग सम्बन्धित विकास क्रियाकलापहरूको योजना निर्माण र कार्यान्वयनका लागि सम्बद्ध मन्त्रालयहरूलाई उनीहरूका वार्षिक र आवधिक योजना तर्जुमामा सहयोग र समन्वय गर्ने ।<br>▪ किशोरकिशोरीका विकासका लागि उपयुक्त स्रोत विनियोजनका निम्ति छलफल र वकालत गर्ने ।<br>▪ किशोरकिशोरीप्रति उत्तरदायी बनाउन नीतिगत सुधारका निम्ति सम्बद्ध मन्त्रालयहरूलाई आवश्यक सुझावहरू उपलब्ध गराउने ।<br>▪ किशोरकिशोरीसँग सम्बन्धित विषयमा अध्ययन र समीक्षा गर्ने ।<br>▪ राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने । |
| **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय** | ▪ राष्ट्रिय कार्ययोजनाका क्रियाकलापहरूलाई आवधिक र वार्षिक योजना तथा कार्यक्रम समावेश गर्ने ।<br>▪ किशोरकिशोरी विशेष प्रावधानहरूलाई समावेश गर्न नीतिहरू र निर्देशिकाहरूको पुनरावलोकन र अद्यावधिक गर्ने, तथा किशोरकिशोरीका लैङ्गिक सवालहरूलाई मूलप्रवाहीकरण गर्ने ।<br>▪ विभिन्न तहमा किशोरकिशोरी जिम्मेवार (फोकल)व्यक्ति/सेवा डेस्क (महिलालाई ग्राह्यता दिने) राख्ने र किशोरकिशोरी-मैत्री सेवा प्रदान गर्ने ।<br>▪ किशोरकिशोरी विकास क्रियाकलापहरूका निम्ति वकालत गर्ने र सचिवालयका रूपमा काम गर्ने<br>▪ मुख्य समन्वयात्मक निकायका रूपमा कार्य गर्ने, र अद्यावधिक गरिएका किशोरकिशोरी विकास क्रियाकलापहरूका साथ केन्द्रमा राष्ट्रिय किशोरी समन्वय समिति तथा जिल्ला तहमा जिल्ला किशोरी समन्वय समितिलाई सहयोग गर्ने ।<br>▪ सम्बद्ध मन्त्रालयहरूबाट सूचना संकलन गर्ने र वार्षिक प्रतिवेदन तयार पार्ने । |

| | |
|---|---|
| **अर्थ मन्त्रालय** | ▪ किशोरकिशोरीको विकासका लागि आवश्यक बजेट विनियोजन गर्न सहयोग गर्ने ।<br>▪ किशोरकिशोरीको विकासका निम्ति सहायताको वृद्धिका लागि दातृ निकायहरूसँग समन्वय गर्ने । |
| **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** | ▪ विद्यमान रणनीति र कार्यक्रमको समीक्षा गरी किशोरकिशोरीको सवाल समायोजन गर्ने ।<br>▪ राष्ट्रिय कार्ययोजनाका क्रियाकलापहरूलाई आवधिक र वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने ।<br>▪ किशोरकिशोरी-मैत्री स्वास्थ्य सेवाहरूलाई स्वास्थ्य संस्थाहरूमा विस्तार गर्ने ।<br>▪ किशोरकिशोरीको स्वास्थ्य र विकासका निम्ति विभिन्न विकास साझेदारसँग समन्वय गर्ने । |
| **शिक्षा मन्त्रालय** | ▪ औपचारिक, अनौपचारिक र व्यावसायिक/प्राविधिक शिक्षासम्बन्धी पाठ्यक्रम अद्यावधिक गर्ने ।<br>▪ किशोरकिशोरी-मैत्री विद्यालय वातावरणका लागि न्यूनतम मापदण्ड निर्माण र कार्यान्वयन गर्ने ।<br>▪ किशोरकिशोरी-मैत्री अध्यापन, व्यवहार र व्यवस्थापनका निम्ति निर्देशिका, तालिम पुस्तिका र सामग्री निर्माण गर्ने (शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिका लागि) र त्यसको कार्यान्वयन गर्ने ।<br>▪ किशोरी र सीमान्तकृत समुदायका किशोरकिशारीका निम्ति छात्रवृत्ति र प्रोत्साहन कार्यक्रम वृद्धि गर्ने ।<br>▪ किशोरकिशोरीको शिक्षा कार्यक्रममा काम गरिरहेका विकास साझेदार निकायहरूसँग समन्वय गर्ने । |

| | |
|---|---|
| **गृह मन्त्रालय** | ▪ राष्ट्रिय कार्ययोजनाका क्रियाकलापहरूलाई आवधिक र वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने ।<br>▪ किशोरकिशोरीका लागि सुरक्षित वातावरणलाई सुनिश्चित र सबलीकृत गर्न पहल गर्ने ।<br>▪ विभेद, शोषण र हानिकारक परम्परागत मूल्य मान्यताविरुद्धको अभियानमा सहायता पुऱ्याउने ।<br>▪ राष्ट्रिय कार्ययोजना अनुरूपका क्रियाकलापहरूको कार्यान्वयन गर्न सम्बद्ध निकायहरू र विकास साझेदारलाई सहयोग गर्ने ।<br>▪ उजुरी संयन्त्रलाई सबल बनाउने र अभियोजन प्रक्रियालाई किशोरकिशोरी-मैत्री बनाउने ।<br>▪ नीतिहरू र कानूनहरूको कार्यान्वयनको अनुगमन गर्ने तथा अपराधीलाई न्यायको कठघरामा ल्याइनेछ भन्ने विश्वास किशोरकिशोरीमा सिर्जना गर्ने ।<br>▪ किशोरकिशोरीलाई इन्टरनेटमा आधारित अश्लील सामग्रीमा पहुँच, मदिरा तथा सूर्तीजन्य पदार्थको सेवनलाई कडाइका साथ निषेध गर्ने । |
| **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय** | ▪ राष्ट्रिय कार्ययोजनाका क्रियाकलापहरूलाई आवधिक र वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने ।<br>▪ बालमैत्री स्थानीय शासन निर्देशिका र कार्यक्रमको समीक्षा गर्ने र किशोरकिशोरीको सहभागिताका निम्ति लैङ्गिक विशेष वर्गीकरण गर्ने ।<br>▪ बालअधिकारसम्बन्धी महासन्धिको धारा १२ र १५ का प्रावधानलाई सम्बोधन गर्न विकास प्रक्रियामा किशोरकिशोरीको सहभागिता अभिवृद्धि गर्ने ।<br>▪ किशोरकिशोरी विकासका निम्ति बजेट विनियोजन गर्ने र यसको अनुगमन गर्ने ।<br>▪ स्थानीय विकास प्रक्रियामा किशोरकिशोरीको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने ।<br>▪ जिल्ला किशोरकिशोरी समन्वय समितिको नेतृत्व गर्न जिविसको अध्यक्षतालाई सहयोग गर्ने । |

| | |
|---|---|
| **उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय** | ▪ किशोरकिशोरी लक्षित लघुवित्त व्यावसायिक कार्यक्रमहरू विकास गर्ने र उनीहरूलाई सहयोग गर्ने ।<br>▪ किशोरकिशोरीलाई लक्षित गरी जीविकोपार्जन, स्वरोजगार तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ सार्वजनिक-निजी साझेदारी सोचमा किशोरकिशोरी-मैत्री उद्यम कार्यको विकास गर्ने । |
| **श्रम तथा रोजगार मन्त्रालय** | ▪ राष्ट्रिय कार्ययोजनाका क्रियाकलापहरूलाई आवधिक र वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने ।<br>▪ अनौपचारिक क्षेत्रको श्रममा किशोरकिशोरीको श्रमको विषयलाई सम्बोधन गर्ने । |
| **युवा तथा खेलकुद मन्त्रालय** | ▪ राष्ट्रिय कार्ययोजनाका क्रियाकलापहरूलाई आवधिक र वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने ।<br>▪ किशोरकिशोरीलाई लक्षित खेलकुद योजना बनाउने र कार्यान्वयन गर्ने । |
| **शान्ति तथा पुनः निर्माण मन्त्रालय** | ▪ राष्ट्रिय कार्ययोजनाका क्रियाकलापहरूलाई आवधिक र वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने ।<br>▪ द्वन्द्व प्रभावित किशोरकिशोरीका लागि व्यावसायिक र जीविकोपार्जन सहायता समावेश गर्ने । |
| **कानून तथा न्याय मन्त्रालय** | ▪ बालश्रम, बँधुवा र श्रम शोषण, बेचबिखन, हिंसा, दुर्व्यवहार, यातना र यौन शोषण तथा दुर्व्यवहार, अश्लील चित्रणलाई नियन्त्रण गर्ने कानून कार्यान्वयन गर्नेहरू: न्यायाधीशहरू, अभियोजनकर्ताहरू र कानून कार्यान्वयन अधिकारीहरूको सचेतना, बुझाइ र क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।<br>▪ यौन शोषणका, खासगरी बलात्कारका घटनाहरूमा प्रक्रिया सरलीकरण र संक्षिप्त कार्यविधि (फास्ट ट्राक) सुनुवाइका लागि समीक्षा गर्ने । |
| **सूचना तथा सञ्चार मन्त्रालय** | ▪ किशोरकिशोरी सम्बन्धित सूचनालाई प्रसारण गर्न सञ्चार संस्थालाई उत्प्रेरित गर्ने ।<br>▪ किशोरकिशोरीसँग सम्बन्धित कथाहरू, घटनाहरू र सूचनाहरूको विश्लेषण र प्रचारका लागि सञ्चार संस्थाको क्षमता निर्माण गर्ने ।<br>▪ किशोरकिशोरीलाई इन्टरनेटमा अश्लील कुराहरूको पहुँचमा निषेध गर्ने । |

***नोटः सूचना प्रणाली सुधार गर्ने कार्य*** *माथिका सबै मन्त्रालयहरूमा समावेश हुनु पर्नेछ ।*

# अनुसूची २: किशोरकिशोरीसँग सान्दर्भिक कानून, नीति, रणनीति र कार्ययोजनाको सूची

## कानूनी प्रावधानहरू:

नेपालको अन्तरिम संविधान, २०६३

बालबालिकासम्बन्धी ऐन, २०४८

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

मानव अधिकारसम्बन्धी राष्ट्रिय ऐन २०५३

यातनापीडितका निम्ति क्षतिपूर्तिसम्बन्धी ऐन, २०५३

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६

राष्ट्रिय महिला आयोग ऐन, २०६४

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

स्थानीय स्वायत्त शासन ऐन, २०५५

## नीतिहरू, रणनीतिहरू र कार्ययोजना :

- **स्वास्थ्य र स्वस्थ व्यवहारसँग सम्बन्धित :**

राष्ट्रिय स्वास्थ्य नीति (१९९१),

दोस्रो दीर्घकालीन स्वास्थ्य योजना (एसएलटीएचपी) (१९९७-२०१७)

राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा विकास रणनीति २०००

किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी कार्यान्वयन निर्देशन- २००७

नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम- कार्यान्वयन योजना २ (एनएचएसपी-आईपी २) २०१०-२०१५

एड्स र एसटीडी नियन्त्रणसम्बन्धी राष्ट्रिय नीति, १९९५

राष्ट्रिय एचआईभी/एड्स रणनीति (२००६-२०११)

एचआईभी/एड्ससम्बन्धी राष्ट्रिय कार्ययोजना

- **सक्षमता र संरक्षित वातावरणसँग सम्बन्धितः**

  राष्ट्रिय मानव अधिकार कार्ययोजना (२०१०/११-२०१२/१३)

  बालबालिकाका लागि दशवर्षे राष्ट्रिय कार्ययोजना (२००४/०५-२०१४/१५)

  यौन र श्रम शोषणका निम्ति बालबालिका र महिलाको बेचबिखनविरुद्ध राष्ट्रिय कार्ययोजना (२००१)

  मानव बेचबिखनविरुद्ध राष्ट्रिय कार्ययोजना, खासगरी महिला र बालबालिकाको बेचबिखन, २०१२

  लागूऔषध नियन्त्रणका लागि राष्ट्रिय नीति, २००६ र लागूऔषध नियन्त्रण रणनीति, २०१०

  बालश्रमसम्बन्धी राष्ट्रिय गुरुयोजना (२००४-२०१४)

  अशक्ततासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २००६

- **शिक्षा र सीपसँग सम्बन्धित :**

  सबैका लागि शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना, २०००

  विद्यालय क्षेत्र सुधार योजना २००९-१५

  गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयसम्बन्धी राष्ट्रिय रूपरेखा २०६७ (२०१०)

- **जीविकोपार्जन, रोजगार र वित्तीय साक्षरतासँग सम्बन्धित :**

  राष्ट्रिय युवा नीति, २०१०

  गाविस र जिविस ब्लक अनुदान सञ्चालन निर्देशिका २०६७/६८ (२०१०/११)

  बालश्रमसम्बन्धी राष्ट्रिय गुरुयोजना (२००४-२०१४)

- **सहभागिता र नागरिक संलग्नतासँग सम्बन्धित :**

  राष्ट्रिय युवा नीति, २०१०

  गाविस र जिविस ब्लक अनुदान सञ्चालन निर्देशिका २०६७/६८ (२०१०/११)

  बालमैत्री स्थानीय सुशासन रणनीति तथा सञ्चालन निर्देशिका २०६८ (२०११)

- **लैङ्गिक समता र सामाजिक समावेशीकरणसँग सम्बन्धित :**

  लैङ्गिक समानता तथा महिलाको सशक्तीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६१ वि.सं.

  महिलाविरुद्धका सबै प्रकारका विभेद निर्मूलनसम्बन्धी महासन्धिसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०

  लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना (२०११/१२-२०१६/१७)

  नेपाल युवा तथा साना उद्यम स्वरोजगार कोष

# अनुसूची ३ : अन्तर-मन्त्रालय कार्य समिति

१. **संयोजक**, सह-सचिव, सामाजिक विकास महाशाखा, राष्ट्रिय योजना आयोगको सचिवालय

२. **सदस्य**, प्रतिनिधि, अर्थ मन्त्रालय

३. **सदस्य**, प्रतिनिधि, शिक्षा मन्त्रालय

४. **सदस्य**, प्रतिनिधि, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

५. **सदस्य**, प्रतिनिधि, संसदीय मामिला तथा स्थानीय विकास मन्त्रालय

६. **सदस्य**, प्रतिनिधि, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

७. **सदस्य**, प्रतिनिधि, सूचना तथा सञ्चार मन्त्रालय

८. **सदस्य**, प्रतिनिधि, गृह मन्त्रालय

९. **सदस्य**, प्रतिनिधि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

१०. **सदस्य**, प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

११. **सदस्य**, प्रतिनिधि, युवा तथा खेलकुद मन्त्रालय

१२. **सदस्य**, प्रतिनिधि, महिला तथा बालबालिका विभाग

१३. **सदस्य**, प्रतिनिधि, केन्द्रीय बाल कल्याण समिति

# सन्दर्भसूची


[१] राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्भेक्षण, २०११ (राष्ट्रिय प्रतिवेदन) । काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

[२] नेपाल किशोरकिशोरी तथा युवा सर्भेक्षण, २०१०/२०११, काठमाडौं : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

[३] नेपालमा कडा लागूपदार्थका प्रयोगकर्ता, केही विवरण, २०६३, केन्द्रीय तथ्याङ्क विभाग । सर्भेक्षणले १५ वटा जिल्लाका १७ वटा नगरपालिका समेटेको थियो जसमा लागूपदार्थको सेवनबाट सर्वाधिक असर पारेको थियो ।

[४] राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्भेक्षण, २०११ (राष्ट्रिय प्रतिवेदन) । काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

[५] आईएलओद्वारा २००१ मा गरिएको एक मूल्याङ्कन ।

[६] नेपाल श्रमशक्ति सर्भेक्षणसम्बन्धी प्रतिवेदन २००८, काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

[७] नेपाल किशोरकिशोरी तथा युवा सर्भेक्षण, २०१०/२०११), काठमाडौं : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

[८] नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण, २०११, काठमाडौं : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, यूएसएड र न्यू ईरा ।

[९] फिल्ड परामर्शका क्रममा किशोरकिशोरीबाट अभिव्यक्त धारणा ।

[१०] महिलासम्बन्धी चौथो विश्व सम्मेलन, १९९५ । महिलाको अधिकारलाई सुनिश्चित गर्न बेइजिङ कार्ययोजना कोशेढुंगा सावित भएको थियो र यसले लैङ्गिक तथा समताको अवधारणालाई स्थापित गरेको थियो । जुन २००० मा सम्पन्न महासभा (बेइजिङ प्लस ५) को तेइसौं विशेष सत्र र मार्च २००५ को ४९औं सत्र (बेइजिङ प्लस १०) ले बेइजिङ कार्ययोजनाको समीक्षा गर्नुका साथै सदस्य राष्ट्रहरूले बेइजिङ घोषणाप्रति पुनः प्रतिबद्धता जनाएका थिए र पूर्ण र तीव्ररुपमा कार्यान्वयनलाई सुनिश्चित गर्न प्रतिज्ञा गरेका थिए ।

[११] बियोन्ड बेइजिङ कमिटी (बीबीसी) (२००७) । “हाम्रा कुरा” बालिका : राष्ट्रिय परामर्श, ४-७ सेप्टेम्बर २००७, काठमाडौं, नेपाल । एक्सनएड नेपाल, बियोन्ड बेइजिङ कमिटी (बीबीसी), हिमराइट्स, प्लान नेपाल, सेभ द चिल्ड्रेन एलायन्स, यूएनएफपीए, युनिफेम, युनिसेफ रोजा र नेपाल कन्ट्री कार्यालयबाट संयुक्त रूपमा आयोजित ।

[१२] बालअधिकार महासन्धि, १९८९ र यसको अभिसन्धि, महिलाविरुद्धका विभेदको निर्मूलनसम्बन्धी सन्धि, १९७९ र यसको अभिसन्धि, अन्तरदेशीय संगठित अपराधविरोधी महासन्धि, जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, महिलासम्बन्धी चौथो विश्व सम्मेलन, १९९५, बालश्रमको निकृष्ट रूप सम्बन्धी सन्धि, १९९९ ।

[१३] तेह्रौं योजना (२०७०/७१-२०७२/७३) आधार-पत्र, रा.यो.आ.

[१४] राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, उद्योग तथा वाणिज्य मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालय ।